**Teachers Wanted**

We are looking for energetic, enthusiastic, self-motivated and Experienced for following posts:

| Post | Level | No. | Qualification/ Experience |
|---|---|---|---|
| Grade | Pre-Primary | 2 | Bachelor Running /at least a year |
| Nepali | L. Secondary | 1 | |
| Health/Grammar | L. Secondary | 1 | |
| Computer | Primary/L. Sec. | 1 | |
| Local Curriculum | Primary/L. Sec. | 1 | |
| Drawing | All Class | 1 | |

Apply self-handwritten application within 28 Chaitra -2080 **(Salary: No bar for deserving Candidates)**

**For Details:**

**Sacred Heart Academy**

Suryavinayak, Bkt, Phone : 016615772/9841432048

sacredheartacademy73@ gmail.com



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१


# मजदुर दैनिक

*The Worker Daily*


Website : www.onlinemajdoor.com



**उपभोक्ता अधिकारको रक्षा गरौं ।**

- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानी पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ।

उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरुपमा मनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष : २६ ★ अङ्क : ७७ ★ ने. सं. ११४४ चौला थ्व, प्रतिपदा ★ मङ्गलबार ★ २७ चैत, २०८० ★ April 9, 2024, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





प्रजग कोरियाको राष्ट्रिय मामिला आयोगका अध्यक्ष एवम् कोरियाली मजदुर पार्टीका महासचिव किम जोङ उन सम्पन्न हुन लागेको ह्वासोङ क्षेत्रमा दोस्रो चरणको १०,००० फ्ल्याटहरूको निर्माण स्थलको निरीक्षण गर्दै अप्रिल ७, २०२४ का दिन । ह्वासोङ क्षेत्रमा दोस्रो चरणमा १०,००० परिवारका लागि आधुनिक अपार्टमेन्ट निर्माणको ठूलो समृद्धिको अवधिमा उच्च सभ्यताको साथ सम्पन्न हुनु महासचिव किम जोङ उनको ऊर्जावान नेतृत्वको बहुमूल्य फल हो ।

*तस्बिर : केसीएनए*

# सम्पदाहरूको संरक्षण साझा दायित्व



भक्तपुर, २६ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको मूर्त तथा अमूर्त सम्पदाहरू देशकै साझा सम्पत्ति भएकोले सबै मिलेर त्यसको संरक्षण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

बाराही मन्दिर जीर्णोद्धार तथा संरक्षण समितिको आयोजनामा बाराही खट निर्माणमा सहयोगीहरूको सम्मान कार्यक्रममा अतिथि प्रजापतिले भक्तपुरका जनताको सीप, परम्परागत प्रविधि तथा स्थानीय स्रोत र साधनहरूको प्रयोग गर्ने उद्देश्यले सबै सम्पदाहरू उपभोक्ता समितिमार्फत निर्माण कार्य भइरहेको स्पष्ट गर्नुभयो ।

नयाँ नयाँ भौतिक विकासमात्रै होइन, सयौँ वर्ष पुराना सम्पदाहरूको संरक्षण झन् महत्त्वपूर्ण कार्य हो, उहाँले भन्नुभयो ।

विदेशीहरूको सहयोगमा निर्मित सम्पदाहरूले हाम्रो इज्जत नरहने स्पष्ट पार्दै भन्नुभयो, "हाम्रो कला र संस्कृतिबारे जानकारी नभएका विदेशीहरूको सहयोगमा सम्पदाहरू निर्माण गरिएमा हाम्रो मौलिकतामाथि अतिक्रमण हुने खतरा हुन्छ । जीवनकालमा राम्रो काम गरेमा पछिसम्म अरुले सम्झने गर्छन् ।"

भनपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले संस्कृति नै हाम्रो पहिचान


***बाँकी पृष्ठ २ मा***


# साम्राज्यवाद र पुँजीवादविरुद्ध सङ्घर्ष गर्न आवश्यक

ललितपुर, २६ चैत । नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिको आयोजनामा शनिबार 'श्रमिक' साप्ताहिक, 'मजदुर' दैनिक पत्रिका र अन्य प्रकाशनहरूबारे एक अन्तरक्रिया कार्यक्रम ललितपुरको त्यागलमा भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले अमेरिकी साम्राज्यवाद र त्यसका पिछलग्गूहरूले समाजवादी वा कम्युनिस्ट विचारधाराअनुसार अगाडि जान खोज्ने देश र नेताहरूमाथि गएको दुई सय वर्षको अवधिमा ५०० भन्दा बढी देशमा आक्रमण, हस्तक्षेप, नेताहरूको ज्यान लिने षड्यन्त्र गरेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "आफूले भनेजस्तो नबस्ने देशमा साम्राज्यवादी देशहरूले आक्रमण गर्ने, नाकाबन्दी गर्ने, नवउदारवादी नीतिअनुसार त्यस देशको सार्वभौमिकतामाथि हस्तक्षेप गर्ने, देश टुक्रा गर्ने र त्यस देशलाई परनिर्भरतातर्फ ढकेल्ने काम गरे । रुसविरुद्ध युक्रेनको अमेरिकी छद्मयुद्ध गरी रुसलाई पुनः टुक्रा गर्ने प्रयास गरिरहेको छ । नेपालका पुँजीवादी नेताहरू बफादार दलालको रूपमा प्रस्तुत भइरहेको हुँदा नेपाली युवाहरू सचेत भएर साम्राज्यवाद र पुँजीवादविरुद्ध जाग्नुपर्ने अवस्था छ ।"

उहाँले संरा अमेरिकाले युगोस्लाभियाका देशभक्त राष्ट्रपति स्लोभदान मिलोसेभिचलाई हेगमा मुद्दा चलाई मृत्यु दण्ड दियो; त्यस देशलाई ६ टुक्रामा विभाजन गर्यो; इराकका राष्ट्रपति सद्दाम हुसेन, लिबियाका राष्ट्रपति कर्णेल गद्दाफीमाथि युद्ध अपराधीको आरोप लगाई हत्या गर्यो र यो संसारमा युद्धको आयातकर्ता नै अमेरिकी साम्राज्यवाद हो भन्नुभयो ।

नेमकिपाका केन्द्रीय वैकल्पिक सदस्य एन.बी. श्रेष्ठले भारतीय एकाधिकार पुँजीको विरोध गर्दै भन्नुभयो, "भारतीय दूतावासले नेपालमा २० करोड रुपैँयासम्मको योजना बनाई सिधै खर्च गर्ने र नेपालको दस हजार मेगावाट बिजुली भारतलाई दिने पुस १९ गतेको सम्झौता देशघाती भएकोले खारेज गर्नुपर्छ । नेपालीभूमि डुबानमा पर्ने गरी सिमानामा अन्तर्राष्ट्रिय कानुनविपरीत भारतले एकतर्फी बनाएका बाँधहरू भत्काउनुपर्छ, नेपालको हितविपरीतका कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, मुगु, कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो, पश्चिम सेती, सेती नदी १, फुकोट कर्णाली, पञ्चेश्वरलगायतका सन्धि सम्झौता खारेज गर्नुपर्छ ।

उहाँले नेपाली भूमि कालापानीमा बसेका भारतीय सेनालाई तत्काल हटाउनुपर्ने, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि खारेज गर्नुपर्ने, नेपाल-भारतबिचको खुला सीमा बन्द गरी नियमन गर्नुपर्नेबारे सांस्कृतिक तथा साहित्यिक गतिविधि निरन्तर गरी नयाँ पुस्तालाई सचेत र सङ्गठित गर्नु आवश्यक छ ।"

नेमकिपा ललितपुरका सचिव नरेश महर्जनले कुनै राष्ट्रलाई विध्वंश


***बाँकी पृष्ठ ८ मा***



**सूचना सूचना**

भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि., जगाती, भक्तपुरबाट उत्पादन भएको उच्च गुणस्तरीय चाइनिज र बिबिटी मेशिन मेड इँटा २ महिनाको लागि मात्र भारी छुटमा बिक्री भइरहेको छ । यस मौकाको फाइदा उठाई मजबुत घर, भवन र पर्खालको साथै अन्य निर्माण गरी ढुक्क हुनुहोस् ।

**भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि.**

जगाती, भक्तपुर, फोन : ६६१०१९०, ६६१०१९१, ६६१३९६२



**सेवा निवृत्त शिक्षक समाज, भक्तपुर**

**हार्दिक आमन्त्रण**

यस समाजको आयोजनामा निम्न मिति, समय र स्थानमा शिक्षक दिवसको उपलक्ष्यमा **निवृत्त शिक्षक सम्मान** तथा **चौधौं 'शैक्षिक अनुभव' विमोचन** र **नयाँ वर्ष २०८१** को **शुभकामना आदानप्रदान** कार्यक्रम राखिएको हुँदा समाजका सम्पूर्ण सदस्यहरू तथा शुभेच्छुकहरूलाई उपस्थितिको लागि हार्दिक आमन्त्रण गरिन्छ ।

**कार्यक्रम**

मिति : २०८० चैत २९ गते

समय : बिहान ११:०० बजे

स्थान : सिद्धि गणेश हल, हनुमानघाट, भक्तपुर



**प्रवेश परीक्षा तयारी कक्षासम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहु-प्राविधिक अध्ययन संस्थानमा आउँदो शैक्षिक सत्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट सञ्चालन हुने प्रवेश परीक्षामा सामेल हुन चाहने SLC उत्तीर्ण तथा SEE परीक्षामा सामेल भएका विद्यार्थीहरूको लागि २०८१ वैशाख २ गतेदेखि बिहानी सत्र (बिहान ६:३० बजेदेखि ९:३० बजेसम्म) मा तयारी कक्षा सञ्चालन हुने भएकोले इच्छुक विद्यार्थीहरूलाई संस्थानमा यथाशीघ्र नाम दर्ताको लागि सूचित गरिन्छ ।

**१) आवेदन फाराम शुल्क रु. ५०।–**

**२) तयारी कक्षा शुल्क रु. ७,०००।–**

***(विषयसँग सम्बन्धित पठन सामग्री निःशुल्क उपलब्ध गराइनेछ ।)***

**विस्तृत जानकारीको लागि**

**ख्वप बहु-प्राविधिक अध्ययन संस्थान**

च्याम्हासिंह-९, भक्तपुर, फोन नं. ६६१३१४६, ६६१९५८५



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भक्तपुरको अवलोकनमा आएको बाल विकास क्लव, टोखा, काठमाडौंको प्रतिनिधिमण्डलद्वारा सोमबार भेट ।
*तस्बिर : मजदुर दैनिक*

# कमिसनको चक्करमा फस्दा देशमा बेथिति बढ्दो

भक्तपुर, २६ चैत । भक्तपुर सिकर्मी सङ्घको आयोजनामा नयाँ वर्षको अवसरमा सोमबार शुभकामना आदानप्रदान तथा भित्तेपात्र वितरण कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष उपेन्द्र सुवालले देशमा शासकहरूले लगानीको उचित वातावरण बनाउन नसक्दा नेपाली युवाहरूको बिदेसिने सङ्ख्या बढिरहेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

देशका शासकहरू नेपालका उद्योगधन्दालाई प्रोत्साहन नगरी विदेशी सामान भित्र्याएर कमिसनको चक्करमा फसिरहेको हुँदा देशमा रोजगारीको समस्या देखिएको उल्लेख गर्दै उहाँले देशमा बढ्दै गएको बेथितिप्रति जनता सचेत हुनुपर्ने औँल्याउनुभयो ।

बिस्काजात्रा शान्तिपूर्णरूपमा सफल पार्न सबैले साथ र सहयोग गर्नुपर्ने आवश्यकता पनि उहाँले औँल्याउनुभयो ।

सङ्घका अध्यक्ष विक्रम ढुकुछुको सभापतित्वमा भएको सो कार्यक्रममा सङ्घका उपाध्यक्ष रामसुन्दर सुवाल र सचिव पुण्यराम न्हुछेले पनि बोल्नुभएको थियो ।

# बिस्का जात्रा शान्तिपूर्णरूपमा मनाउन अनुरोध

भक्तपुर, २६ चैत । भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा बिस्केट जात्रा शान्तिपूर्णरूपमा मनाउने विषयमा सरोकारवालाहरूको भेला भयो ।

उक्त भेलामा भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले विश्व प्रसिद्ध बिस्का जात्रा, वैशाख २ गते भोलाछैँमा हुने महाकाली र महालक्ष्मीको जात्रा र वैशाख ४ गते हुने छुमा गणेश जात्रा शान्तिपूर्ण र व्यवस्थितरूपमा मनाउन आग्रह गर्दै हाम्रो संस्कृतिलाई जोगाउन नयाँ पुस्ताले विशेष ध्यान दिनुपर्ने बताउनुभयो । भक्तपुर नगरपालिका र भनपा वडा नं. ६ ले गर्दै आएको विभिन्न विकास कार्यको चर्चा गर्दै उहाँले महाकाली द्यो छेँको छाना मर्मत र खड्का पाटी पुन: निर्माणमा टोलवासीको उल्लेख्य सहभागिता भएको बताउनुभयो । स्थानीयको सहभागिताले विकास निर्माण दिगो हुने चर्चा गर्दै उहाँले नगरपालिकाले गर्दै आएको निर्माणबारे चर्चा गर्नुभएको थियो ।

समाजसेवी गोपीकृष्ण चाँगुभारीले जात्रामा मादक पदार्थ सेवन नगरी मर्यादित ढङ्गले मनाउन आग्रह गर्नुभयो । नगरपालिकाले कला र संस्कृति जोगाउन धेरै प्रयास गर्दै आएको चर्चा गर्दै उहाँले छुमा गणेश र महाकाली महालक्ष्मीको जात्रा पनि शान्तिपूर्ण मनाउन आग्रह गर्नुभयो ।

वडा सदस्य गोविन्द दुवालले वर्तमान नेपालको राजनैतिक अवस्थाको जानकारी दिँदै किसान आन्दोलनलगायत राजनैतिक तथा सांस्कृतिक इतिहास नयाँ पुस्तालाई सिकाउँदै जानुपर्ने धारणा राख्नुभयो ।

वडा सदस्य सिद्धिराम अवालले देशका विभिन्न ठाउँहरूको भ्रमणबाट सिक्नुपर्ने चर्चा गर्नुभयो । उहाँले स्थानीय निकायले जनताको आर्थिक र सांस्कृतिक स्तर सुधार गर्न जनप्रतिनिधिले आवश्यक पहलकदमी चाल्नुपर्ने आवश्यकता भएको बताउनुभयो ।

# पाठयोजना निर्माण कार्यशाला सम्पन्न

भक्तपुर, २६ चैत । भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरका सबै सामुदायिक विद्यालयका इसिडिदेखि मावि तहसम्मका करिब ४५० शिक्षकहरूलाई पाठ योजना निर्माण सम्बन्धि दुइदिने कार्यशाला सोमबार सम्पन्न भयो । कार्यशालाको पहिलो दिन सैद्धान्तिक पक्ष तथा अवधारणात्मक पक्षका बारेमा छलफल गरियो भने दोस्रो तथा अन्तिम दिनमा आ आफ्नो विषयका कुनै पाठको पाठ योजना निर्माण गरी त्यसमा सबै सहभागी शिक्षकहरूको विचार र सुझावलाई समावेश गरी परिमार्जन समेत गरियो ।



कार्यशालामा स्रोतव्यक्ति तथा प्राविधिक सहयोगको लागि त्रिवि शिक्षा विभागका अनुसन्धान टोलीका विज्ञहरूले सहजीकरण गर्नुभएको थियो । पाठ योजनाको लागि एबीसी अथवा ब्लतष्ष्ष उबतथ्यल, ब्रगषमिष्लन बलम ऋयलकयषि मबतष्यल लाई अपनाइएको थियो । प्राविधिक टोलीको नेतृत्व पाठ्यक्रम तथा मूल्याङ्कनका प्रा.डा. गणेशबहादुर सिंले गर्नुभएको थियो भने अन्य टोलीका विज्ञहरूमा त्रिवि केन्द्रीय शिक्षा विभागका पाठ्यक्रम तथा मूल्याङ्कनका सहप्राध्यापक डा. ध्रुवप्रसाद निउरे, विज्ञान तथा वातावरण एवं अनुसन्धान विभागका सहप्राध्यापक मोहन पौडेल र महेन्द्र रत्न क्याम्पसका पाठ्यक्रम तथा मूल्याङ्कनका सहायक प्राध्यापक आशिक सिं ठकुरी हुनुहुन्थ्यो । सहभागी ४५० शिक्षकमध्ये इसिडिदेखि कक्षा ३ सम्म अध्यापन गर्ने शिक्षकहरू दुई समूह, निमावि एक समूह तथा मावि एक समूह गरी जम्मा चार समूहमा विभाजन गरी कार्यशाला सञ्चालन गरिएको थियो । दुई समूह ख्वप ई. कलेज तथा दुई समूह वागीश्वरी स्कूल/कलेजमा सञ्चालन गरिएको थियो ।

भक्तपुर नगरपालिकाको विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समितिले विद्यालय अनुगमनको क्रममा पाठ योजना तयार गरी कक्षा कोठामा अध्यापन गराउने कार्यमा एकरूपता नदेखिएको तथा नियमियता समेत नदेखिएको पाइएपछि भनपा शिक्षा समितिको संयोजक समेत रहेका प्रमुख सुनिल प्रजापतिले आउँदो शैक्षिक सत्र २०८१ देखि अनिवार्य रूपमा पाठ योजना सबै तहमा लागु गराउनुपर्ने निर्देशनअनुसार सो कार्यशालाको आयोजना गरिएको बताइएको छ ।

# ब्यासीमा प्राध्यापक भेला

भक्तपुर, २६ चैत । नेपाल मजदुर किसान पार्टी व्यासी एकाइ समितिको आयोजनामा सोमबार व्यासीमा प्राध्यापक भेला भयो ।

भेलामा त्रिभुवन विश्वविद्यालयका निवृत्त सहप्राध्यापक विश्वमोहन जोशीले प्राध्यापकहरू सङ्गठित हुनुपर्ने आश्यकता औँल्याउँदै सङ्गठित शक्तिले मात्र समाजमा परिवर्तन ल्याउन सक्ने धारणा राख्नुभयो ।

प्राध्यापकहरू विभिन्न विषयमा जानकारी राख्नुपर्ने, विद्यार्थीहरूलाई पाठ्यक्रमअनुसारका पढाइका अतिरिक्त राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे प्रशिक्षित गरी देशभक्त बनाउनु अहिलेको आवश्यकता हो, उहाँले भन्नुभयो ।

भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले नेमकिपाको निर्वाचन घोषणापत्रअनुसार भनपाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिँदै कार्य गर्दै आएको बताउनुभयो ।

नेमकिपा व्यासी एकाइ समितिका अध्यक्ष गणेशप्रसाद सुवालले नेमकिपाको सिद्धान्त मार्क्सवाद, लेनिनवाद र माओ विचारधारा रहेकोले पार्टीको लक्ष्य पूरा गर्न सबैले आ-आफ्नो कर्तव्य र उद्देश्यलाई ध्यानमा राख्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा सुनिता गाइसीले पनि बोल्नुभएको थियो । भेलाले नेपाल प्राध्याक समाज व्यासी एकाइ समिति गठन गरेको छ ।

# चालु आवमा पर्यटकसँग सम्बन्धित तीन सय ७० उजुरी

काठमाडौँ, २६ चैत । नेपाल प्रहरीमा चालु आर्थिक वर्षको साउनदेखि हालसम्म पर्यटकसँग सम्बन्धित तीन सय ७० वटा उजुरीहरू परेका छन् । तीमध्ये सामग्री हराएका दुई सय ७३, चोरीका ४९, ठगी गरेका ११, लुटपाट पाँच, अभद्र व्यवहार १७, आक्रमणका दुई, दुर्घटनाका दुई, धाकधम्की एक, मानिस हराएको चार, दुर्व्यवहार एक तथा अपहरणको एक वटा रहेका प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

आर्थिक वर्ष २०७७/७८ मा ७९, आव २०७८/७९ मा एक सय ८० तथा आव २०७९/८० मा पाँच सय ३२ उजुरी परेका र यी आवको तथ्याङ्क विश्लेषण गर्दा कागजपत्र र सामग्री हराएको सङ्ख्या सबैभन्दा बढी देखिएको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिनुभयो ।

पर्यटक प्रहरीले पर्यटकलाई पर्न आएका समस्या, दु:ख, पिरमर्का, हैरानी तथा गुनासा समयमै समाधान गर्ने एवं पर्यटकको नेपाल बसाइँ सुरक्षित तथा भएरहित रहेको अनुभूति दिलाउन र पर्यटन विकासमा टेवा पुऱ्याउन पर्यटक प्रहरी सक्रिय रहेको पर्यटक प्रहरी कार्यालय भृकुटीमण्डपका प्रमुख तथा प्रहरी नायब उपरीक्षक नरेन्द्र कुँवरले बताउनुभयो ।

"पर्यटकलाई आवश्यक सूचना प्रदान गर्ने, पर्यटकीय क्षेत्रमा नियमित गस्ती गर्ने, पर्यटकलाई आवश्यक सहयोग गर्ने र पर्यटन क्षेत्रमा अभद्र व्यवहार, अश्लील तथा अवाञ्छित क्रियाकलाप गर्नेलाई नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि सम्बन्धित कार्यालयमा पठाउने गरिएको छ", उहाँले भन्नुभयो । उहाँले घटना, दुर्घटना, प्रकोप एवं पर्वतीय तथा साहसिक पर्यटनका क्रममा स्वास्थ्यलगायत अन्य कारणले अलपत्र परेका पर्यटकहरूको खोज तथा उद्धार गरी सम्बन्धित निकाय, दूतावास वा आफन्तसँग सम्पर्क गर्ने/गराउने काम पर्यटक प्रहरीले गरिरहेको बताउनुभयो ।

नेपाल आउँदा आइपर्ने यस्ता समस्या र गुनासो पर्यटक प्रहरीबाट तत्काल सुनुवाइ भई समाधान हुने गरेको उहाँको भनाइ छ ।

कामको सिलसिलामा आइपर्ने चुनौती सामना गर्न पर्यटकको भरपर्दो अभिलेखीकरण गरी तत्काल समस्याको सम्बोधन गर्नसक्ने संयन्त्रको विकास गर्नुपर्ने देखिएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक ढकालले बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालबारे अन्तर्राष्ट्रियस्तरमा सकारात्मक सन्देश जाने गरी काम गर्न पर्यटक प्रहरी सक्रिय छ । यसका लागि पर्यटक प्रहरीलाई आवश्यक तालिम दिने गरिएको तथा सम्पूर्ण पर्यटक प्रहरी कार्यालयको स्थापनाको औचित्य पुष्टि, पहिचान, स्तरोन्नति र व्यवस्थित गर्ने काम भइरहेको छ ।"

पर्यटन सम्बद्ध सरोकारवालासँग समन्वय गरी नेपाल प्रहरीले उत्कृष्ट नतिजा दिने गरी काम गरिरहेको उहाँको भनाइ छ ।

***सम्पदाहरूको...***

भएकोले त्यसको संरक्षण आवश्यक रहेको बताउँदै हामीसँग भएको सीप र संस्कृति नयाँ पुस्तामा हस्तान्तरण गर्न सके संस्कृतिले जीवन्तता पाउने छ भन्नुभयो ।

बाराही मन्दिर जीर्णोद्धार समितिका सल्लाहकार हृदयचन्द्र बैद्यले जीर्ण भइसकेको बाराहीको खट बनाउन सहयोग गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्दै संस्कृति संरक्षणमा नयाँ पुस्ता अगाडि आएकोमा खुसी व्यक्त गर्नुभयो ।

बाराही मन्दिर जीर्णोद्धार समितिका अध्यक्ष कृष्णसदन अवालको सभापतित्वमा भएको कार्यक्रममा आर्थिक सहयोग गर्नेहरूलाई अतिथि प्रजापतिले प्रशंसापत्र वितरण गर्नुभएको थियो ।

कार्यक्रममा समितिका उपाध्यक्ष रामसुन्दर खाताखोले सहयोगी सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

बाराहीको खट निर्माण गर्न स्थानीय जनताबाट रु. ४३,०६,६४२।- सहयोग सङ्कलन भएको थियो ।

त्यसमध्ये ६,९४,०६७।- बैङ्क मौज्दात बाँकी रहेको तथा अरु सबै खर्च भइसकेको कुरा समितिका कोषाध्यक्ष पवनकुमार बल्लले जानकारी दिनुभयो ।

# १० बङ्गलादेशीलाई अध्यागमनमा बुझाइयो

काठमाडौँ, २६ चैत । भिसा सकिएर नेपालमा अवैधरूपमा बसिरहेका १० जना बङ्गलादेशी नागरिकलाई प्रहरीले पक्राउ गरी आइतबार अध्यागमन विभागमा बुझाएको छ ।

विभिन्न मितिमा नेपाल प्रवेश गरी भिसा सकिए पनि गैरकानुनीरूपले बसोबास गर्नुका साथै शङ्कास्पद गतिविधिमा संलग्न रहेको सूचनाका आधारमा खोजतलास गर्दा १० जना बङ्गलादेशी नागरिक पक्राउ परेका थिए ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीका अनुसार प्रहरीको विशेष टोलीले काठमाडौँको सोल्हखुट्टे तथा ठमेल क्षेत्रबाट गैरकानुनी तवरले बसिरहेका उनीहरूलाई नियन्त्रणमा लिएको थियो ।

पक्राउ पर्नेमा मोहम्मद अनिशुर रहमान, मोहम्मद अब्दुल्ला, मोहम्मद इमाउल हसन, मोहम्मद हाफिज रहमान, सजिव हसन, सैफुल इस्लाम, मोहम्मद विलल हसन, मोहम्मद सलिम, मोहम्मद नासिर उद्दीन र मोहम्मद एसिन खान रहेका छन् ।

एसपी रेग्मीले पक्राउ परेका उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि आज अध्यागमन विभाग, कालिकास्थान पठाइएको बताउनुभयो । यसअघि पनि यसैगरी शङ्कास्पद गतिविधि गरिरहेको पाइएपछि प्रहरीले पाँच जना बङ्गलादेशी नागरिकलाई पक्राउ गरी अध्यागमनलाई बुझाइएको थियो ।

पछिल्लो समयमा बङ्गलादेशी नागरिकलाई युरोप पठाउने भन्दै नेपालमा ल्याएर बन्धक बनाउने तथा अवैधरूपमा नेपाल बस्ने घटना देखिन थालेकोले निगरानी बढाइएको प्रहरीले जनाएको छ ।

## सङ्क्षिप्त समाचार

### सगरमाथाको फेदमा अपाङ्गता रोकथाम शिविर

सल्लेरी (सोलुखुम्बु), २६ चैत । विश्वको सर्वोच्च शिखर सगरमाथा क्षेत्रमा नौ दिनदेखि जारी अपाङ्गता रोकथाम तथा पुन:स्थापना घुम्ती शिविर आइतबार सकिएको छ । कोशी प्रदेश सरकार, खुम्बु पासाङ ल्हामु गाउँपालिका र करुणा फाउन्डेसनको साझेदारीमा उक्त शिविर सञ्चालन गरिएको हो ।

राष्ट्रिय अपाङ्ग महासङ्घको प्राविधिक सहयोगमा खुम्बु पासाङल्हामु गाउँपालिका-१ बाट चैत १७ गते सुरु गरिएको घुम्ती शिविर वडा नं ४ मा पुगेर समापन गरिएको गाउँपालिका अध्यक्ष मिङ्माछिरी शेर्पाले जानकारी दिनुभयो । उहाँका अनुसार सबै वडामा भएको उक्त घुम्ती शिविरबाट एक सय १३ जनाले स्वास्थ्य परीक्षण, अपाङ्गता परिचयपत्र तथा आवश्यकता पहिचान सेवा लिएका थिए । पूर्ण अपाङ्गता (क वर्ग), अति अशक्त अपाङ्गता (ख वर्ग), मध्यम अपाङ्गता (ग वर्ग) र सामान्य अपाङ्गता (घ वर्ग) गरी ९८ जनाले परिचयपत्र प्राप्त तथा नवीकरण गरेका गाउँपालिका उपाध्यक्ष तथा अपाङ्गता परिचयपत्र वितरण समन्वय समितिका संयोजक टासील्हामु शेर्पाले जानकारी दिनुभयो । ***रासस***

### मकै खेती गर्ने किसानलाई कृषियन्त्र वितरण

टीकापुर, २६ चैत । कैलालीको जानकी गाउँपालिका-२ मा मकैखेती गर्ने किसानलाई कृषियन्त्र वितरण गरिएको छ । कृषि ज्ञान केन्द्र कैलालीको वसन्ते तथा हिउँदे मकैखेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत कृषियन्त्र वितरण गरिएको हो ।

किसानलाई मकै लगाउने मेसिन, गोड्ने मेसिन, दाना छोडाउने मेसिनलगायत रु. आठ लाख बराबरका सामग्री वितरण गरिएको कृषि ज्ञान केन्द्र कैलालीका बाली विकास अधिकृत रामनारायण चौधरीले जानकारी दिनुभयो ।

कृषि ज्ञान केन्द्र कैलालीको अनुदान सहयोगमा अन्नपूर्ण कृषक समूह कालिकापुरमा २९ हेक्टर जमिनमा मकैखेती गरिएको छ । मकैखेतीमा कृषि ज्ञान केन्द्रले ५० प्रतिशत अनुदान प्रदान गरेको छ । किसानलाई मकैखेती विस्तारसँगै बजारीकरणमा सहयोग पुगोस् भनेर कृषि सामग्री वितरण गरिएको बाली विकास अधिकृत चौधरीले बताउनुभयो । कालिकापुरमा एक सय १९ किसानले अहिले व्यावसायिक मकैखेती गर्दै आएका छन् । मकै उत्पादन गर्न राम्रो क्षेत्र रहेको र बजारीकरणमा समस्या नभएकाले धेरै किसानले मकैखेती गरेका अन्नपूर्ण कृषक समूहका अध्यक्ष पदमबहादुर विष्टले बताउनुभयो । ***रासस***

# ऐलानी जग्गा व्यक्तिका नाममा दर्ता गर्न चलखेल

सिरहा, २६ चैत । तीनपुस्तादेखि बस्दै आएको थातथलो छोड्नुपर्ने खबर एक्कासी सुनेपछि सिरहाको धनगढीमाई नगरपालिका-३ स्थित कुरवा हनुमाननगरका भुटाई कामैतको मनमा छटपटी र तनाव बढेको छ । उहासँग सम्पतिको नाममा टाटीले बारेको एउटा झुपडी र पाँच कठ्ठा जग्गा छ । त्यो पनि छोडेर हिँड्नुपर्‍यो भने कहाँ जाने टुङ्गो छैन । उहासँग न कुनै वैकल्पिक व्यवस्था छ, न त कतै जग्गा किनेर बस्नसक्ने जेथा ।

हनुमाननगरमा कामैतजस्ता तीन सय ३६ घरपरिवारले एक सय पाँच बिघा क्षेत्रफल ऐलानी जग्गामा सदियौँदेखि जोतभोग गर्दै आएका थिए । तर भूमाफियाको सेटिङमा विसं २०७७ चैत ३१ पूर्ववडाध्यक्ष देवकुमार साहले सिराहा नगरपालिका-१७ माडरका सत्यनारायणप्रसाद साह, अरुण साहलगायत २४ जनामा जग्गाको हकभोग रहेको सिफारिस बनाइदियो । त्यसयता हनुमाननगरवासी चिन्ताले निदाउन सकेका छैनन् ।

सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता गर्न निवर्तमान वडाध्यक्ष साहले बस्तीका सात जनाको ल्याप्चेसहित सार्वजनिक सर्जिमिन मुचुल्का उठाएका थिए । तीन वर्षअघि आफैँले ल्याप्चे हानेको मुचुल्काले आफैँलाई उठीबास लगाउला भन्ने कामैतले सोच्नुभएको थिएन । "झुक्याएर ल्याप्चे हान्न लगाइयो । हामी गरिब तथा अनपढ मानिसले के बुझ्नु र हजुर," कामतीले भन्नुभयो, "जसो गर भने उसै गरिदियौँ, के जान्नु र पछि दु:ख पाइन्छ भन्ने ।"

यही सर्जिमिन मुचुल्का र वडा सिफारिसका आधारमा गत फागुन २७ गते मालपोत कार्यालय लहान, सिरहाको निर्णयबमोजिम फागुन ३० गते ३५ दिने हकदाबी सूचना प्रकाशित भएछि स्थानीय सशङ्कीत भएका थिए । सरकारी अमानतमा रहेको जग्गा एक्कासी व्यक्तिले माग दाबी गरेपछि जग्गा दाखा दर्ता रोक्काको माग गर्दै सयौँ पीडितले आइतबार लहानस्थित मालपोत कार्यालय घेराउ गरेका छन् । नारा जुलुससहित लहान मालपोत कार्यालय पुगेका उनीहरूले वडाको सिफारिससहित जग्गाको माग दाबीसहित निवेदन दर्ता गराएका छन् ।

आर्थिक प्रभावमा परी पूर्ववडाध्यक्ष साहले सिफारिश दिएको र त्यसका आधारमा मालपोतले सूचना जारी गरेपछि दर्ता रोक्न मागसहित मालपोतमा निवेदन दिएको वर्तमान वडाध्यक्ष वीरेन्द्र साहले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पुस्तौँदेखि उक्त ठाउँमा बसोबास मात्र छैन, करिब १० बिघा क्षेत्रफलमा फैलिएको पौराणिक, धार्मिक तथा पर्यटकीय क्षेत्र राजदेवी मन्दिर, तथा दुई वटा सामुदायिक विद्यालयसमेत छ । यति हुँदाहुँदै निवर्तमान वडाध्यक्षले भू-माफियासँग प्रभावित भइ वडा सिफारिस दिएको हुनसक्छ ।"

धनगढीमाई नगरपालिकाका पूर्वनगरप्रमुख हरिनारायण चौधरीका अनुसार विसं ०२१ को भूमिसुधारअनुसार हदबन्दीभन्दा बढी भएको जग्गा नापजाँचका क्रममा कसैले दाबी नगरेपछि सार्वजनिक ठहरिएकोमा विपन्न, दलित, सुकुमबासीले खनजोत र बसोबास गरेका थिए ।

विसं २०५५ तिर तत्कालीन विद्रोही माओवादीले खनजोतका आधारमा स्थानीय विपन्न, दलित, सुकुमबासीलाई पाँच कठ्ठादेखि एक बिघासम्म सोही जग्गा वितरण गरेका थिए ।

पुस्तौँसम्म कोही व्यक्ति जग्गा दाबी गर्न नआएकोमा हाल आएर हकदाबी सूचना निकालिनु षड्यन्त्र भएको अर्का पीडित श्यामलाल कामैतले बताउनुभयो ।

मालपोत कार्यालय लहान सिरहाका प्रमुख दीपेन्द्रप्रसाद चौधरीले ३५ दिने माग दाबी सूचनाको आधारमा स्थानीयले अर्को मागदावीसहित निवेदन ल्याएकाले दर्ता गरी सम्बन्धित निकायको निर्देशनबमोजिम प्रक्रिया अगाडि बढाइने जानकारी दिनुभयो ।

पीडितले सरकारी जग्गा कीर्ते गरी व्यक्तिका नाममा दर्ता गर्ने काममा संलग्नको अनुसन्धान गरी कारबाही गर्न माग गरेका छन् ।



**एक्लो घोडा जात्रा :** घोडा जात्राको अवसरमा ललितपुरको पाटन दरबारबाट सुरु गरिने परम्परादेखि चलिआएको ऐतिहासिक याक: सला जात्रा (एक्लो घोडा जात्रा) सोमबार गर्दै भीमसेन गुठी च्यो: खल:का गुठियार । *तस्बिर:रत्न श्रेष्ठ/रासस*

# मुस्ताङ भित्रने पर्यटक र तीर्थयात्रीको स्वास्थ्य परीक्षण

म्याग्दी, २६ चैत । मुस्ताङ भित्रने पर्यटक र तीर्थयात्रीको स्वास्थ्य परीक्षण गर्न थालिएको छ । गण्डकी प्रदेश प्रहरी अस्पताल पोखराले जिल्ला प्रहरी कार्यालय मुस्ताङसँग समन्वय गरेर घरपझोङ गाउँपालिका-४ जोमसोमस्थित पर्यटक प्रहरी चोक पोष्ट परिसरमा आइतबार शिविर स्थापना गरेर स्वास्थ्य परीक्षण गर्न थालेको हो ।

प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेले तीर्थयात्रा, भ्रमण, पदयात्रा र अवलोकनका लागि मुस्ताङ आउने आन्तरिक तथा बाह्य पर्यटकको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर शिविर सञ्चालन गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "चैते दसैँको सोऱ्ह श्राद्ध तिथि पारेर कागबेनीमा पिण्डदान र मुक्तिनाथ दर्शनका लागि तीर्थयात्रीका साथै अनुकूल मौसमसँगै विद्यालय र विभिन्न सङ्घसंस्थाबाट मुस्ताङ घुम्न आउनेको चाप बढेको छ । लेक लाग्ने (अक्सिजन कमी हुने), बिरामी हुने, ढल्नेजस्ता समस्या सृजना भई मानवीय क्षति हुन सक्ने भएकाले स्वास्थ्य परीक्षण गर्न थालिएको हो ।"

जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कअनुसार चालु आर्थिक वर्ष २०८०/८१ को हालसम्ममा दुई नेपाली र ६ विदेशी नागरिकको मुस्ताङमा लेक लागेर मृत्यु भएको छ । पछिल्लो तीन वर्षमा लेक लागेर २८ जनाले ज्यान गुमाएका छन् । ज्यान गुमाउनेमा अधिकांश समुन्द्री सतहदेखि तीन हजार आठ सय मिटर उचाइमा रहेको मुक्तिनाथ दर्शनका लागि आएका तीर्थयात्री हुन् ।

एक हप्तासम्म सञ्चालन हुने शिविरमा अशक्त, ज्येष्ठ नागरिक र दीर्घरोगीको स्वास्थ्य परीक्षण गरी परामर्श तथा प्राथमिक उपचारको व्यवस्था मिलाइएको छ । प्रदेश प्रहरी अस्पताल गण्डकीका स्वास्थ्य अधिकृत डा. मृदुषा श्रेष्ठको नेतृत्वमा तीन स्वास्थ्यकर्मी खटिएको सो शिविर सञ्चालन गर्न मुस्ताङ अस्पतालले प्राविधिक सहयोग गरेको छ ।

समुन्द्री सतहदेखि दुई हजार पाँच सय मिटरभन्दा माथिको उचाइमा अक्सिजनको कमीले स्याँ स्याँ हुने, टाउको दुख्ने, वाकवाकी हुने, रिङ्गटा लाग्ने, आँखा धमिलो हुने, निद्रा नलाग्ने, खान मन नलाग्ने, फोक्सो सुन्निने, स्मरण शक्ति हराउँदै जाने र सास फेर्न गाऱ्हो हुनेहुन्छ । प्रहरीले म्याग्दीको सिमानामा रहेको घाँसामा पनि पर्यटक र तीर्थयात्रीलाई अक्सिजनको कमीका कारण हुने स्वास्थ्य समस्याका बारेमा सचेतनामूलक कार्यक्रम गरेको छ ।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले प्रहरीको स्वास्थ्य शिविर र सचेतनामूलक कार्यक्रमले अक्सिजनको कमीका कारण मानवीय क्षति न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको बताउनुभयो । मुस्ताङमा आइतबार एक हजार दुई सय सात सवारीसाधनमा ११ हजार एक सय ९२ नेपाली र तीन सय ४७ बाह्य पर्यटक भित्रिएको प्रहरीको तथ्याङ्क छ । शनिबार चार सय ३७ सवारीसाधनमा तीन हजार पाँच सय २७ नेपाली र चार सय ५६ विदेशी पर्यटक भित्रिएका थिए । ***रासस***

# सिँचाइ अभावले चैते धानखेती सङ्कटमा

बरहथवा (सर्लाही), २६ चैत । पर्याप्त सिँचाइ अभावका कारण सर्लाहीमा चैते धानखेती सङ्कटमा परेको छ । सिँचाइ मुख्य समस्याका रूपमा देखा पर्दा प्रशस्त सम्भावना बोकेको चैते धान उत्पादन सङ्कटमा परेको हो ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धान जोन कार्यान्वयन इकाइ सर्लाही र रौतहटका वरिष्ठ बाली विकास अधिकृत रामबलमप्रसाद साहका अनुसार हाल जिल्लाको हरिपुर्वा, ईश्वरपुर, लालबन्दी, गोडैता, कविलासी नगरपालिका चक्रघट्ट गाउँपालिकालगायत क्षेत्रमा मात्र किसानले चैते धानखेती गर्दै आएका छन् । तथ्याङ्कअनुसार जिल्लामा ५० हेक्टर क्षेत्रमा मात्र चैते धानखेती हुने गरेको छ ।

हरिपुर्वा नगरपालिका-२ का विजय झाले सिँचाइको अभावमा यस वर्ष सात कट्ठा खेतमा मात्र चैते धान रोपेको बताउनुभयो । समयमा मलखाद नपाइनेलगायत समस्या सधैँ टाउको दुखाइको विषय बन्ने गरेको उहाँको भनाइ छ । सात कट्ठामा लगाएको चैते धानमा समेत पम्पसेटबाट पानी दिइने उहाँले बताउनुभयो । सिँचाइको उपयुक्त प्रबन्ध नभएका कारण यहाँका किसानले महँगोमा पम्पसेटबाट सिँचाइ गरेर खेती गर्दै आएका छन् ।

हरिपुर्वा-५ का दिनेश यादवले धान भित्र्याउने बेलामा बर्सातले दु:ख दिने गरेको सुनाउनुभयो । उहाँले भन्नुभयो, "धान खेतका लागि मजदुर धेरै चाहिन्छन् । भन्ने बित्तिकै कामदार पाइँदैन । हावापानीले दु:ख उस्तै दिन्छ । मेसिनले धान काट्ने, झार्ने सुविधा भए किसानलाई सहयोग हुने थियो ।" जोखिमले गर्दा किसानले चैते धान लगाउन छाडेको उहाँको भनाइ छ ।

जिल्लामा चैते धानका रूपमा हर्दिनाथ-१ र चैते-५ लगाउने चलन छ । गत माघ १५ गतेदेखि अन्तिमसम्म बीउ राखिने चैते धान फागुन १५ गतेदेखि रोप्न सुरु गरिने बाली विकास अधिकृत साहले बताउनुभयो । चैते धान चार महिनाभित्रै पाक्ने र उत्पादन समेत बढी हुने भएकाले प्रतिफल छोटो समयमा धेरै लिन सकिन्छ ।

किसानले चैते धान जेठदेखि भित्र्याउन थाल्छन् । यहाँ चैते धानका लागि मुख्य चुनौती सिँचाइ रहे पनि भित्र्याउने समयमा हुने वर्षा, असार मसान्तमा धानको मूल्य कम हुने समस्या तथा प्रचारप्रसारको समेत कमी हुँदा चैते धानखेती बढ्न नसकेको जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको छ । खेती बढाउन सके चैते धानबाट किसानले प्रशस्त लाभ लिन सक्ने बाली विकास अधिकृत साहको भनाइ छ । ***रासस***

# जुम्लाका ९० हजार नागरिक स्वास्थ्य बीमामा आबद्ध

जुम्ला, २६ चैत । पछिल्लो समयमा बीमाको महत्वबारे जानकार भएपछि जुम्लाका नागरिक स्वास्थ्य बीमाप्रति आकर्षित हुन थालेका छन् । एक नगरपालिकासहित आठ वटा स्थानीय तह रहेको जुम्लामा ९० हजार चार सय ११ जना स्वास्थ्य बीमामा आबद्ध भएका छन् ।

हालसम्म पैँतालिस हजार सात सय २४ महिला र ४४ हजार छ सय ८७ जना पुरुष स्वास्थ्य बीमामा आबद्ध भएका जिल्लास्थित स्वास्थ्य बीमा कार्यालयका प्रमुख प्रेम भण्डारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "जिल्लाका ११ हजार छ सय ४८ घरपरिवार बीमामा आबद्ध छन् ।" विसं २०७४ देखि जिल्लामा स्वास्थ्य बीमाको सेवा विस्तार भएको उहाँको भनाइ छ ।

स्वास्थ्य बीमाका बारेमा पहिला यहाँका स्थानीयलाई पूर्णरुपमा जानकारी नहुँदा यसको महत्वबारे बुझेका थिएनन् । अहिले बीमा सहजकर्ता घरघरमा गएर बीमाको कामबारे जानकारी दिएपछि यहाँ स्वास्थ्य बीमामा आबद्ध हुने स्थानीयको सङ्ख्या बढेको कार्यालय प्रमुख भण्डारीले बताउनुभयो ।

जिल्लाका सबै नागरिकलाई स्वास्थ्य बीमाको पहुँचमा पुऱ्याउनका लागि कार्यालयले स्थानीय तहसँग समन्वय गरेर काम गरिरहेको उहाँको भनाइ छ । सरकारले अपाङ्गता भएका, अशक्त, कुष्ठरोगी, एचआइभी सङ्क्रमित, ज्येष्ठ नागरिक र अतिगरिब घरपरिवारलाई नि:शुल्क बीमा गर्ने व्यवस्था गरेको छ ।

अन्यको हकमा शुल्क लिएर रु. एक लाख बराबरको स्वास्थ्य बीमा गर्ने गरिएको कार्यालयले जनाएको छ । बीमाको जथाभावी प्रयोगले अहिले स्वास्थ्य बीमा बोर्डको केन्द्रीय कार्यालयले सह भुक्तानीको व्यवस्थासमेत गरेको छ । सरकारले विसं २०७२ देखि स्वास्थ्य बीमा कार्यक्रम लागू गरेको हो ।

। सम्पादकीय ।

# पद र कुर्सीमा हानथाप गरेर परिवर्तन नहुने


विसं २०४६ सालको संयुक्त जनआन्दोलनले निर्दलीय पञ्चायती व्यवस्था अन्त्य गरे पनि देशमा सामन्ती चरित्र, सामन्ती संस्कार र ऐन कानुन पूर्णत: हटेको छैन । हालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था पुँजीवादी व्यवस्था हो । यो व्यवस्थालाई पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दल नेकाले पक्षपोषण गर्नु या वकालत गर्नु अस्वाभाविक होइन । तर, कम्युनिस्ट पार्टीहरू पुँजीवादी व्यवस्थाविरोधी हुन् । पुँजीवादी व्यवस्था फालेर समाजवादी व्यवस्था ल्याउन उनीहरू सङ्घर्षरत हुन्छन् । पुँजीवादी व्यवस्थामा टाँसेर, निर्वाचन र सरकार गठनमा पुँजीवादी पार्टी नेका र राजावादी पार्टी राप्रपासँग लागेर देशमा परिवर्तन सम्भव छैन; श्रमजीवीवर्गको पक्षमा सरकार गठन हुँदैन र उनीहरूको हितमा ऐन, कानुन बन्दैन, बनाइँदैन । देशमा कम्युनिस्ट पार्टीको नेतृत्वमा पटक पटक सरकार गठन भए पनि कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारअनुसार काम नहुनु या ऐन कानुन नबन्नु यसको दृष्टान्त हो ।

कम्युनिस्ट पार्टीले कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारअनुसार राजनीति गर्नुपर्छ । कम्युनिस्ट पार्टीको मार्ग निर्देशक सिद्धान्त मार्क्सवाद र लेनिनवाद देखाउने दाँत होइन । पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद र लेनिनवाद हो भने त्यसलाई देश, काल र परिस्थितिअनुसार लागु गर्नुपर्छ; लागु गर्न अघि बढ्नुपर्छ । तर, आफूलाई ठुला कम्युनिस्ट पार्टी भन्नेहरू लामो समयदेखि नै पद र पैसामा भुले; भागबन्डामा लागे । सरकारको नेतृत्व गर्न र सरकारमा सामेल हुन पाएपछि उनीहरू आफ्नो दलको सिद्धान्त र विचार भुल्न पछि परेनन् । दलको सिद्धान्त र विचारलाई अवसरमा बदल्ने, भागबन्डामा डुबाउने नीति कम्युनिस्ट भनिने ठुला दलका नेताहरूले अँगाले । यो कम्युनिस्टविरोधी कदम हो । कम्युनिस्ट पार्टीले कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार छोड्नु वा भुल्नु सिद्धान्त र विचारप्रति घात हो; जनतालाई विश्वासघात गर्नु हो । यो राजनीतिक बेइमानी हो । यसको निन्दा गर्नुपर्छ ।

शासक र ठुला दलका नेताहरू देश र जनताकेन्द्रित हुनुभन्दा व्यक्तिकेन्द्रित हुन थाले । उनीहरूले आ-आफ्नो पक्षका नेताहरू अघि सार्न, मन्त्री बनाउन या उच्च पदमा राख्न गुट-उपगुट बनाउन थाले । राजनीतिक संस्कार विकास गरी जनतालाई सचेत र सङ्गठित गरेर आदर्शोन्मुख समाज स्थापना गर्न कम्युनिस्टहरू लाग्नुपर्ने हो । जनताको घर आँगनमा पुगेर जनतालाई राजनीतिक र सैद्धान्तिकरूपले प्रशिक्षित गरी आमूल परिवर्तनको पूर्वाधार तयार गर्नुपर्ने कम्युनिस्टहरू जहिल्यै पद र कुर्सीको राजनीतिमा हानथाप गरेर देशमा कसरी परिवर्तन हुन्छ ? पुरानो सरकार पल्टाउने र नयाँ सरकार गठन गर्ने काम धेरै पटक भयो । नयाँ मन्त्रीहरू हेरफेर भए । तर, यहाँ कुनै मौलिक परिवर्तन भएन । मौलिक परिवर्तनको निम्ति समय दिइएन । कम्युनिस्ट भन्ने तर कम्युनिस्टको सिद्धान्त र विचारअनुसार कुनै काम गरिएन भने त्यो दल कसरी कम्युनिस्ट हुन्छ ? त्यो कम्युनिस्ट पार्टीले कसरी आफ्नो कर्तव्य निर्वाह गरेको ठान्छ ?

कम्युनिस्टहरूले जसरी सामन्तवादी राज्यसत्ताविरूद्ध सङ्घर्ष गरेर, लडेर अन्त्य गरे त्यसरी नै यो पुँजीवादी व्यवस्थाविरूद्ध पनि लड्नुपर्छ; फाल्न लाग्नुपर्छ । पुँजीवादी व्यवस्था अन्त्य नगरी, नफाली बहुमत जनताले सन्तोषको सास फेर्न पाउनेछैनन् । बहुमत जनताको हित हुने व्यवस्था समाजवादी व्यवस्था हो । समाजवादी व्यवस्था स्थापना गर्न देशका सबै कम्युनिस्ट पार्टीहरू आ-आफ्नो स्थानबाट लाग्नुपर्छ । पुँजीपति, सामन्त, जालीफटाहा र प्रतिक्रियावादीहरू कम्युनिस्ट पार्टीलाई माथि उठाउँदैनन् । उनीहरू कम्युनिस्ट पार्टीलाई कमजोर बनाउन र कम्युनिस्ट पार्टीको आन्दोलन शिथिल बनाउन सरकारमा ल्याउने प्रयत्न गर्छन् । कहिले एउटा कम्युनिस्ट पार्टीलाई सरकारमा ल्याएर अर्को कम्युनिस्ट पार्टीलाई चिढाउने काम गर्छन् । यसकारण, कम्युनिस्ट पार्टीहरू पुँजीवादी पार्टीको उठवसमा लाग्नुहुँदैन । तर, देशका ठुला भनिएका कम्युनिस्ट पार्टीहरू पुँजीवादी पार्टी, विदेशी दलाल र साम्राज्यवादी तथा विस्तारवादी देशहरूको पिछलग्गू बनेका छन् । विदेशी दलाल र विदेशी शक्ति राष्ट्रहरूले नेपालका ठुला भनिने कम्युनिस्ट पार्टीहरूलाई नचाइरहेका छन् । यो चिन्ताको विषय छ । यसतर्फ देशका देशभक्त जनता सचेत हुनुपर्छ ।

# नेपालको नयाँ पुस्ता र नयाँ जीवन शैली



भैरव रिसाल

कामदारवर्गका छोराछोरीले पनि गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउनुपर्छ । ती केटाकेटीले गुणस्तरीय शिक्षा पाएनन् भने उनीहरूको भविष्य अन्धकारमय हुन्छ । जाँड-रक्सी खानेहरू जाँड-रक्सी नखानेभन्दा चाँडै मर्छन् । तसर्थ, जाँड-रक्सी, चुरोट र सुर्ती काललाई चाँडो बोलाउने माध्यम हुन् । अहिलेको पुस्ता नेपाल बस्नै खोज्दैन, विदेश जान खोज्छ र उतै पढी, काम गरी, सके उतैकी केटीसँग विवाह गरी, नसके पछि नेपाल आई, नेपाली केटीसँग विवाह गरी दुलहीलाई पनि उतै लैजान खोज्छ । आफू त गयो गयो, श्रीमतीलाई पनि लगी बुढाबुढी, बुबाआमालाई एक्लै पार्छ । यो आजको नाङ्गो सत्य हो । अमेरिका गएको केटासँग विवाह गरेकी नेपाली केटी पनि आफ्नो दुलाहालाई छोडी नेपाल बस्न खोज्दिन । जो अस्वाभाविक पनि होइन । अब दम्पती नै विदेश गए, विदेश बसी उतै काम खोजे, काम पाए, नानी पाए । अमेरिकाको राष्ट्रपति हुन एउटा सर्त छ त्यो हो अमेरिकामै जन्मेको हुनुपर्ने । त्यसैले, नेपालका छोराछोरी अमेरिका गएपछि त्यहीँ नानी जन्माएर त्यो नानी राष्ट्रपतिसमेत हुने योग्यता राख्छ । यो लोभबाट नेपाली युवा-युवती टाढा हुन सक्दैनन् । तसर्थ, यो एउटा नेपालको आँगनमा देखिएको टड्कारो सत्य हो ।

यस पक्षमा गम्भीर चिन्तन र सोचको खाँचो छ । हाम्रो भक्तपुर सहरमा विशेषगरी अन्यत्र भन्दा अर्कै संस्कार छ । खेतबारीमा काम गर्न नसक्ने भएपछि आफ्नै टोलका पाटी, सत्तलजस्ता सार्वजनिक ठाउँमा जम्मा भएर परस्परमा आफ्ना कुरा साटासाट गर्ने चलन थियो । यो चलन केही वर्षअघिसम्म बाक्लै थियो । परन्तु, अचेल ज्येष्ठ नागरिक अमेरिकाजस्ता विकसित मुलुकमा जान थालेकोले ज्येष्ठ नागरिकले दिउँसो आराम गर्ने पाटी, पौवा, सत्तलजस्ता सार्वजनिक ठाउँ रित्तो देखिन थालेका छन् । तसर्थ, यस विषयमा नयाँ पुस्तालाई सचेत र सतर्क गराउन हतार भइसक्यो जस्तो लाग्छ । केही वर्षअघिसम्म हुनेखाने ज्येष्ठ नागरिकहरूमात्र छोरा-बुहारीको करले संरा अमेरिका वा अरू विकसित मुलुक जाने गर्दथे । तर, युग बदलियो । नयाँ युग आयो । यो नयाँ युगमा अङ्ग्रेजी त के नेपाली पनि नपढेका ज्येष्ठ नागरिक अमेरिका हानिने तृष्णामा छन् । यो कटुसत्य नयाँ पुस्तालाई कसरी बुझाउने ? प्रश्न सजिलो छैन । परिस्थिति दिनदिनै जटिल हुँदै जाँदै छ । परिस्थितिबाट हामी भाग्न सक्दैनौँ । बरू परिस्थितिलाई बुद्धि लगाई बाटोमा हिँडाउनुपर्छ ।

**पोको पारेको वस्तु सकभर नखाऔँ !**

भक्तपुरमा काम गरेर खानेका छोराछोरी पनि गुणस्तरीय शिक्षा पाइने शिक्षण संस्थामा भर्ना हुन खोज्छन् र उनीहरू सिपालु हुन्छन् । ती युवा-युवती नेपालमा भनेजस्तो त के, जस्तो काम गर्छु भने पनि पाउँदैनन् । एकातिर पढेको छ, काम गर्न सक्छन् तर अर्कोतिर काम नै पाउँदैनन् । तसर्थ, त्यो नयाँ पुस्ता दोषी हो कि नयाँ पुस्तालाई काम दिन नसक्ने हामी दोषी ? यसको गम्भीर तथा आधारपूर्ण विश्लेषण हुन जरूरी छ । अहिले यस्तो युग आयो, जहाँ दु:ख गरेर होइन, सुविधाका साथ बाँच्न वा जीवन निर्वाह गर्न सकियोस् । तसर्थ, अहिले स्कूल पढ्ने पुस्ताले नेपालमा भनेजस्तो काम पाउँदैन । काम नपाएपछि माम पनि पाउँदैन । तसर्थ, यो समाजवादउन्मुख गणतन्त्रमा काम पाउनु अपरिहार्य छ । काम पाएपछि माम पाउँछ । उस्तैले त नाम पनि पाउँछ । यसकारण, काम नै सबभन्दा ठुलो कुरा भएको छ । अचेलको पढाइले हो वा सङ्गतले हो वा पढेलेखेर हो, जीवनलाई सुखसँग, सजिलोसँग बिताउन चाहन्छ तर सबैलाई त्यो सम्भव छैन । यसकारण, धेरै नेपाली युवा विदेशमा छन् ।

हिजोआज प्राय: मान्छे सजिलोसँग बाँच्न चाहन्छ । थोरै काम, बढी दाम ! थोरै काम बढी दामको आकाङ्क्षा राख्छ । यसका लागि सधैँ आफैँले पकाएर खान सक्दैन । सकेसम्म बढी खानेकुरा तयारी हालतमा पाइने पसलहरूबाट ल्याएर खान्छ । बासी वा अरू वस्तुमा पोको पारेर राखिएका खाद्य वस्तु वा सिसिमा राखिएका बासी पेय वस्तु खाएर आफ्नो तन्दुरूस्त स्वास्थ्य बिगारिराखेको छ । चार-पाँच दशक अगाडिसम्म बजारमा पिनेका जिरा, पिनेको मसला पाइँदैनथ्यो । अब अचेल सजिलोको लागि जिरा पनि पिन्न पर्दैन । पसलेले नै जिरा र अरू मसला पिनेकै रूपमा बेच्छ । उपभोक्ताले पनि पिनेकै रूपमा किन्छन् । यसो हुँदा, पोको नपारेको वस्तु पाउन मुश्किल हुन्छ । हुँदाहुँदा पोकोभित्र धेरै वर्ष पुराना वा बासी सामान पाइन्छन् । त्यही किन्छ र आनन्दपूर्वक खान्छ । त्यसको प्रतिक्रिया कस्तो हुन्छ बुझ्दैन । यसर्थ, नेपालीहरूको जीवनी, जीवनशैली उपभोग्य वस्तुहरूको उत्पत्तिस्थान र मिति हुँदैन । यसर्थ, हामीले आफ्नो स्वास्थ्यलाई हेरी तयारी वस्तु खाने बानी काम गर्नुपर्छ ।

**तयारी खानेकुरा नखाऔँ, ताजा खाऔँ**

नेपालका कतिपय जात-जातिमा आफ्नै प्रकारका खाने-पिउने वस्तुहरू पाइन्छन् । हाम्रो नेपालमा विभिन्न जातजातिका खानेकुराको तयारी र अर्को पटकलाई खान हुने गरी राख्न अलग अलग सीप प्रयोग गरेका छन् । यो सीप नेवारी समाजमा धेरै छन् । चिसो पेय पदार्थले र पोको पारिएका तयारी खानेकुराले कलेजो, मुटु, मिर्गौला आदि अङ्ग, प्रत्यङ्गमा नोक्सान गर्छ । उच्च रक्तचापको सम्भावना पनि तयारी पत्रु खानाले बढाउँछ । यसर्थ, हामीले तयारी, बासी खानेकुरातिर भन्दा एकक्षण समय लागे पनि आफैले बनाएर ताजा खानेकुरा खाने बानी बसाल्यो भने असल स्वास्थ्यको लागि अन्त जानु पर्दैन । यी कुरा विद्यालयदेखि नै जान्ने, सुन्ने, पढ्ने अवसर पायो भने आखिर मानिस नै न हो । सुस्तसँग बाँच्न सक्छ । किन्चित मात्रै पनि सावधानी भयो भने रहस्यसँग बाँच्न कठिन हुन्छ । मर्नु-बाँच्नु भनेको मान्छेको हातको खेल हो । बासी र खराब कुरा खाएन, ताजालाई मात्र खाने बानी गऱ्यो भने स्वास्थ्यको समस्या पर्दैन र धेरै समय बाँच्छ ।

भक्तपुरमा अनौठा अनौठा चलन परम्परादेखि चलिआएका छन् । नेपाली जनता परम्परालाई अकस्मात् छोडिहाल्न सक्दैन । पुराना कुरासँग कसरी गाँसिएको छ कसरी ? रक्सी खाएर मस्त भएको राँगो ब्रह्मायणीमा काटेर देवतालाई भोग दिई आशीर्वाद लिन चाहन्छ मान्छे । देउता मानेको ढुङ्गोलाई राँगाको बलि दिएर केही प्राप्ति हुने भए मान्छेले अरू लठारो किन गर्थ्यो र ? मान्छे भनेको मान्छे नै हो । यही मान्छे कहिले देउता हुन्छ, कहिले राक्षस । यो कसले गर्छ ? यो निर्क्योल हुन बाँकी छ । आजको नेपाली समाज पढेलेखेको र नपढेनलेखेको दुई भागमा विभक्त छ । बजारमा यी दुवै थरीलाई चाहिने वस्तुहरू उपलब्ध छन् । आजको मान्छे कम फुर्सदमा छ । आफ्नो उपभोगको लागि पनि गुणकारी सामान ठम्याउन सक्दैन । साहुले जे भन्यो, त्यही गर्छ । यसर्थ, आजको युग अर्कै छ । पढाइ एउटा, व्यवहार अर्कै । पढाइअनुसारको व्यवहार गर्न पाए पो पढाइ पनि काम लाग्छ, जीवन पनि सुखमय हुनसक्छ ।

# शान्तिको लागि कहिल्यै ढिलो हुँदैन

✍ लिआंग जिओ

युरोपको रक्षालाई सुदृढ बनाउन संरा अमेरिका र गठबन्धनका अन्य भागहरूबाट तुरून्तै सेनाहरू तैनाथ गर्ने नाटोको क्षमतालाई महत्त्व दिने र सम्मान गर्ने अभ्यास, स्टेडफास्ट डिफेन्डर २०२४, जनवरी २४ मा आधिकारिकरूपमा सुरू गरियो ।

सबै ३१ नाटो सदस्य राष्ट्रहरू र स्वीडेनका लगभग ९०,००० कर्मचारीहरूले सक्रियरूपमा गठबन्धनमा सामेल हुन खोजिरहेका छन्, चार महिना लामो ट्रान्सएट्लान्टिक उपक्रममा भाग लिइरहेका छन्, जुन शीतयुद्धको समयमा १९८८ रिफर्जर युद्धअभ्यासपछि सबैभन्दा ठुलो नाटो सैन्य अभ्यास हो ।

शीर्ष अधिकारीहरूले भनेका छन् कि अभ्यासको उद्देश्य गठबन्धनले रसियासँगको सीमासम्म आफ्नो सबै क्षेत्रको रक्षा गर्न सक्छ भनेर देखाउने लक्ष्य राखेको छ ।

प्रतिक्रियामा रूसी कूटनीतिज्ञहरूले चेतावनी दिएका छन् कि नाटोको 'जानीजानी उत्तेजनात्मक काम' ले रूस र नाटो सदस्य राष्ट्रहरूबिच सैन्य द्वन्द्वको जोखिम बढाउन सक्छ, जसले युरोपको लागि 'दु:खद परिणाम' निम्त्याउन सक्छ ।

अझ अगाडि रूसी राष्ट्रपति भ्लादिमिर पुटिन आर्थिक र सामाजिक विकासलाई प्रवर्द्धन गर्न जनवरी २५ मा पोल्यान्ड र लिथुआनियाको बिचमा रहेको रूसी उत्खनन कालिनिनग्राद ओब्लास्टमा आइपुगे । युरोपमा रूसको पकड भएकोले, बाल्टिक तटमा रहेको यो रणनीतिक रूपमा महत्त्वपूर्ण क्षेत्र २०२२ देखि रूसविरूद्ध ईयूको आर्थिक प्रतिबन्धहरूको केन्द्रबिन्दु भएको छ ।

रिपोर्टहरूले सङ्केत गर्दछ कि नाटो देशहरूका धेरै वरिष्ठ अधिकारीहरूले ग्रीष्म २०२५ को सुरूमा, बेलारूस र कालिनिनग्राद बिचका रोलिङ फिल्डहरू, जङ्गलहरू र तालहरूको पातलो आवादी भएको सुवाल्की ग्यापमा रूसी र नाटो सेनाहरूबिच नयाँ द्वन्द्वको सम्भावनाको बारेमा चेतावनी दिएका छन् ।

युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले जनवरीको अन्तमा जर्मनीमा एक अन्तर्वार्तामा तेस्रो विश्वयुद्धको जोखिम उठाए । समग्रमा, यस्तो देखिन्छ कि रूस-युक्रेन द्वन्द्व बिस्तारै तर निश्चित रूपमा लम्बिदै छ ।

यद्यपि, यो सम्भव छ कि घटनाहरू फरक तरिकामा प्रकट भइरहेका छन् । लामो समयदेखि रोकिएको शान्ति अन्तत: यस द्वन्द्वमा क्षितिजमा हुनसक्छ जहाँ कोही विजयी हुनेछैन ।

अपेक्षाकृत तटस्थ अडानका साथ हेर्दा द्वन्द्वले पश्चिम र रूस दुवैको उद्देश्य हासिल गर्न असफल भएको छ । संयुक्त राज्य अमेरिकाको नेतृत्वमा पश्चिमले युद्धको पहिलो वर्षमा युक्रेनलाई पर्याप्त सैन्य सहायता र प्राविधिक सहयोग प्रदान गरेको थियो । 'प्रजातन्त्र र स्वतन्त्रताका मूल्यहरूको रक्षा' को आडमा युक्रेनलाई रूसलाई नियन्त्रणमा राख्न प्यादाको रूपमा प्रयोग गर्दा, रसियाले कुनै पनि पश्चिमी देशलाई कुनै पनि प्रकारको खतरा नपरोस् भनी सुनिश्चित गर्ने लक्ष्य धेरै राम्रो हुन सक्छ । तर कडा अन्तर्राष्ट्रिय प्रतिबन्धहरूका बाबजुद पनि रूस पछि हटेको छैन ।

त्यसोभए पछिल्ला उद्देश्यहरूको बारेमा के हुन्छ ? रूसले फेब्रुअरी २०२२ मा युक्रेनको पश्चिमा समर्थक सरकारलाई तुरून्तै ध्वस्त पार्ने र नाटोको पूर्वतर्फको विस्तारलाई सुस्त बनाउन थाल्यो । अहिलेसम्म त्यसले पनि गर्न सकेको छैन । हाल, युक्रेनी युद्धभूमिमा दुबै युद्धरत पक्षहरू २,००० किलोमिटर फैलिएको फ्रन्टलाइनमा गतिरोधमा बन्द छन्, कुनै पनि पक्षसँग अर्कोलाई पराजित गर्ने क्षमता छैन ।

यसबाहेक, रूसको सैन्य कारबाहीले नाटोको विस्तारलाई रोक्न सकेको छैन । पुटिन कालिनिनग्राद आइपुगेकै दिन टर्किएले स्वीडेनको नाटोमा प्रवेशलाई आधिकारिकरूपमा अनुमोदन गऱ्यो । लिखितरूपमा नाटो सदस्य देशहरूमध्ये, केवल हङ्गेरीले आधिकारिक रूपमा स्वीडेनको पहुँचलाई ढिलोगरी अनुमोदन गरेको थियो ।

हङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले यसअघि स्वीडेनको नाटो सदस्यताका लागि आफ्नो देशको समर्थन व्यक्त गरेका थिए ।

आफ्नो भूराजनीतिक सुरक्षाको रक्षा गर्न रूसको प्रयासले, बरू विडम्बनापूर्ण रूपमा, छिमेकी देशहरूबिच असन्तुष्टि पैदा गरेको छ र केही हदसम्म नाटोभित्र एकतालाई बलियो बनाएको छ । फलस्वरूप यो सैन्य गठबन्धनको विस्तारलाई गति दिएको छ । यो सम्भवत: रूसी निर्णय निर्माताहरूले आशा गरेको नतिजा होइन ।

जानकारी भएसम्म यो युद्ध एक अनावश्यक कदम थियो । वार्ता, युद्धविराम र साँचो शान्ति प्राप्त गर्नु सबै सम्बद्ध पक्षहरूका लागि उत्तम सम्भावित परिणामहरू हुन् । युक्रेन र रूस दुवैले ठुलो नोक्सानी बेहोरेका छन् र पश्चिमले यस स्पष्ट गतिरोधमा थप स्रोतहरू लगानी गर्न जारी राख्न सक्दैन । जनवरी २३ मा उदाहरणका लागि, अमेरिकी पेन्टागनले युक्रेनका लागि 'अहिले' थप पैसा नभएको घोषणा गऱ्यो ।

डच मानवतावादी विद्वान डेसिडेरियस इरास्मस (१४६६-१५३६) ले एक पटक भनेका थिए, "सबैभन्दा हानिकारक शान्ति सबैभन्दा न्यायपूर्ण युद्धभन्दा राम्रो छ ।"


*- ग्लोबल टाइम्स अनलाइनबाट*
*अनुवाद : आरोही*

## खण्ड- ५

# विश्व अर्थतन्त्रमा संरा अमेरिकी सरकारको नकारात्मक प्रभाव

संरा अमेरिकी सरकारको अति संरक्षणवादी नीतिका कारण अन्तर्राष्ट्रिय अर्थ व्यवस्थाका नियमहरूलाई लत्याएको छ । यसले चीन-संरा अमेरिका व्यापारमा क्षति पुऱ्याउनुका साथै विश्वकै व्यापार सम्बन्धमा नकारात्मक असर पारेको छ । त्यसैगरी, विश्व मूल्य चक्र र अन्तर्राष्ट्रिय श्रम विभाजनमा बाधा पुऱ्याउनुका साथै अन्तर्राष्ट्रिय बजारको अपेक्षालाई निराशाजनक बनाउनुका साथै वित्तीय व्यवस्था र वस्तु बजारमा उथलपुथल ल्याइदिएको छ । यो विश्व अर्थव्यवस्थाको उत्थानका लागि सबैभन्दा ठुलो अनिश्चितता र जोखिमको स्रोत बन्न पुगेको छ ।

**१. यस्तो प्रावधानका कारण बहुपक्षीय व्यापार र अन्तर्राष्ट्रिय अर्थ व्यवस्थाका नियमलाई कमजोर बनाउँछ ।**




*रेखाचित १३ : विश्व अर्थतन्त्रको व्यापारमा निर्भरता (१९६०-२०१७)*

सभ्यताको विकासको गतिसँग मानव समाजले नियम र विश्वसनीयतामा आधारित अन्तर्राष्ट्रिय शासन व्यवस्थालाई स्वीकारेको छ । संसारका देशहरू साना होस् वा ठुला, कमजोर होस् वा शक्तिसम्पन्न सबैले एकले अर्काको सम्मान गर्नुपर्छ । बराबरीको सिद्धान्तको आधारमा वार्ता गरिनुपर्छ भने सम्झौताका अन्तर्राष्ट्रिय ऐन नियमको बचाउ सबैले गर्नुपर्छ । विश्व व्यापार तथा लगानीको सुरक्षा र विश्वव्यापी विकासलाई बढावा दिने यो एक आधारभूत नियम हो । यसको ठीकविपरीत अमेरिकी प्रशासनले बरोबर स्थापित बहुराष्ट्रिय व्यापार नियमहरूलाई लत्याउँदै गम्भीर तथा विध्वंसात्मक पाइलाहरू चाल्यो तथा चालु अन्तर्राष्ट्रिय आर्थिक बन्दोबस्तलाई खोइरो खन्ने काम गर्दै छ । संरा अमेरिकी प्रशासनले धेरै अवसरमा विश्व व्यापार सङ्गठनका नियम र कार्यप्रणालीलाई हाकाहाकी आलोचना गऱ्यो । उसले बहुपक्षीय व्यापार व्यवस्थालाई समर्थन गर्न अस्वीकार गऱ्यो । साथै, विश्व आर्थिक प्रशासनबारेमा नकारात्मक दृष्टिकोणका कारण एपेक (APEC) वाणिज्य मन्त्रीहरूको भेला २०१७ र २०१८ असफल हुन पुग्यो जसले गर्दा बहुपक्षीय व्यापारका विषयहरूमा सहमति हुन सकेन । संरा अमेरिका व्यापारमा संरक्षणवादको विरोधको विपक्षमा हुँदा एपेकका सबै सदस्यहरू सो 'विरोधको विरोध' मा उभिएका थिए । अमेरिकाले WTO को पुनरावेदन अङ्ग (Appellate body) लाई बहिष्कार गर्दा सो अङ्गमा हुने नियुक्तिलाई रोकेको कारण पदाधिकारीहरूको आवश्यक सङ्ख्या नपुग्दा विवाद समाधान प्रणाली नै शिथिल अवस्थामा पुग्यो ।

**२. यस्तो तरिकाले विश्व व्यापार र विश्व अर्थतन्त्रको पुनरुत्थानमा बाधा पुऱ्याउँछ**

भू-मण्डलीकरणसँगै विश्वका अर्थतन्त्रहरू एक आपसमा व्यापारमार्फत जोडिँदै आएका छन् । विश्वव्यापी आर्थिक वृद्धिको निम्ति व्यापार मुख्य यन्त्र हो । विश्व बैङ्कका अनुसार अन्तर्राष्ट्रिय अर्थतन्त्रको व्यापारमा निर्भरता १९६० देखि २०१७ सम्ममा १७.५ प्रतिशतबाट ५१.९ प्रतिशतसम्म वृद्धि भएको छ ।

सन् २००८ को आर्थिक सङ्कटको छायाबाट विश्व अर्थतन्त्र बिस्तारै निस्किने प्रयास गर्दै गरेको अवस्था छ तर पूर्णरूपमा तङ्ग्रिन अहिलेसम्म कुनै ठोस आधार भेट्टाइसकेको छैन । यस्तो अवस्थामा संरा अमेरिकी प्रशासनको क्रियाकलापले सुरू गरेको ठुलो परिमाणको व्यापारिक मतभेद र विश्व व्यापारको प्रवाहमा आएको बाधाका कारण विश्व अर्थतन्त्र पुन: तङ्ग्रिने कार्यमा नराम्रो असर परेको छ । संरा अमेरिकाको व्यापारिक संरक्षणवादका कारण बाँकी देशसँग त्यसको विरुद्ध कदम चाल्नेबाहेकका उपाय नै रहेन । यसको कारण विश्व अर्थ व्यवस्था र व्यापार प्रणालीमा अवरोध सृजना भई विश्वव्यापी अर्थतन्त्र उकास्ने कार्यमा बाधा पुग्नेछ र व्यापारिक कम्पनीदेखि सबै देशका जनताको हितलाई समेत यसको असर पर्न गई विश्व अर्थतन्त्र पुन: आर्थिक सङ्कटमा फस्ने सम्भावना छ ।

विश्व बैङ्कले प्रकाशन गरेको 'विश्व आर्थिक सम्भावनाहरू' को जून ५, २०१८ को तथ्याङ्कका अनुसार संसारभर व्यापकरूपमा देखिएको करको वृद्धि नकारात्मक असरहरूका कारण सन् २०२० सम्ममा विश्व व्यापारमा ९ प्रतिशतले गिरावट आउन सक्नेछ । यसको गम्भीर असर विशेषगरी उदीयमान बजार र संरा अमेरिकासँग व्यापारिक एवम् वित्तीय सम्बन्ध बढी भएका देशहरूमा पर्ने देखिन्छ । विश्व व्यापार सङ्गठन (WTO) का निर्देशक (Director General) रोबर्टो अजेवेडोका अनुसार यदि भन्सार दर GATT/WTO पूर्व अवस्थामा पुग्ने हो भने विश्व अर्थतन्त्र २.५ प्रतिशतले खुम्चिनेछ र ६० प्रतिशतभन्दा बढी विश्वव्यापारमा कमी आउनेछ र २००८ को आर्थिक सङ्कटभन्दा बढी प्रभाव पार्नेछ । व्यापार युद्धले सबैलाई नोक्सान पुऱ्याउँछ, विशेषगरी गरिबलाई यसले धेरै असर पार्नेछ जसको क्रयशक्ति ६३ प्रतिशतसम्म घट्ने सम्भावना छ । इतिहासले पनि पुष्टि गरिसकेको छ कि व्यापार युद्धले कसैलाई जिताउँदैन बरु विश्वशान्तिमा समेत नराम्रो असर पर्न गई विकासमा धेरै बाधा पुऱ्याउँछ ।

**३. विश्वव्यापी मूल्य चक्र (Value Chain) मा असर**

गहिरो ढङ्गले एकीकृत आजको विश्व अर्थतन्त्रमा देशहरू मिलेर अति प्रभावकारी विश्वव्यापी मूल्य चक्र बनेको छ र आर्थिक विश्वव्यापीकरणका लाभहरू श्रम विभाजन गर्दै प्रविधि, श्रम र पुँजीलाई आ-आफ्नो हितमा डोऱ्याइरहेका छन् । कम्पनीहरूले, विशेष गरेर बहुराष्ट्रिय कम्पनीहरूले विश्वव्यापीरूपमा स्रोतहरूको बाँडफाँड गरेर वस्तुहरूको उत्पादन मूल्य घटाएर तथा गुणस्तर बढाएर आफ्नो तथा उपभोक्ता दुवैको लागि फाइदा पुऱ्याइरहेका छन् ।

भन्सारको वृद्धि र व्यापारमा अवरोध सृजना गरी संरा अमेरिकी प्रशासनले व्यापारिक विवाद उत्पन्न गरेर विश्वलाई नै चिढ्याएको छ । संरा अमेरिकी बहुराष्ट्रिय कम्पनीलाई संरा अमेरिकामै नफर्के धोकेबाजको संज्ञा दिने तथा दमनकारी करहरू लागु गर्ने धम्की दिइरहेको छ । त्यस्ता कार्यले विश्वव्यापी मूल्य चक्रलाई बिथोल्ने मात्र नभई ध्वस्त पार्नुका साथै विश्वको व्यापारको सामान्य प्रवाह र स्रोत व्यवस्थापनलाई समेत विशृङ्खलित गर्न सक्दछ । त्यसैगरी, विश्व नै व्यापार र आर्थिकरूपले एकअर्कासँग जोडिएको कारण यसको नकारात्मक असर पर्न गई विश्व अर्थतन्त्रकै क्षमता कम हुनेछ । उदाहरणको लागि अटोमोबाइल, इलेक्ट्रोनिक्स र हवाईजहाजजस्ता क्षेत्रहरू जटिल एवम् विशाल औद्योगिक शृङ्खलाहरूको सहयोगमा मात्र सम्भव छ । खुम्चिँदो व्यापारका कारण जापान, युरोपेली सङ्घ र दक्षिण कोरियाजस्ता आपूर्ति चक्र (Supply Chain) अर्थतन्त्रका देशहरूलाई नकारात्मक असर पर्नेछ । संरा अमेरिकी आपूर्तिकर्ताहरू पनि यसका तरङ्गहरूबाट अछुतो रहन सक्ने अवस्था छैन । चिनियाँ वाणिज्य मन्त्रालयका अनुसार अमेरिकाद्वारा पहिलो चरणको भन्सार वृद्धिअन्तर्गत लक्ष्य लिएको ३४ अर्ब अमेरिकी डलरको चिनियाँ उत्पादनको २० अर्ब डलर अर्थात् ५९ प्रतिशत बराबरको मूल्यका वस्तुहरू संरा अमेरिका, युरोपेली सङ्घ, जापान र दक्षिण कोरियालगायतका चीनमा सञ्चालित अर्थतन्त्रका उत्पादनहरू छन् । अत: अमेरिकी प्रशासनले गरेको भन्सार वृद्धिको मोल विश्व औद्योगिक शृङ्खलाका सबै देशका कम्पनीहरू सँगसँगै अमेरिकी कम्पनीले समेत तिर्नु पर्नेछ । अन्तर्राष्ट्रिय मुद्रा कोषको १७ अप्रिल २०१८ को 'World Economic Output' प्रतिवेदनका अनुसार करको वृद्धि तथा व्यापारमा अवरोधका कारण विश्वव्यापी मूल्य चक्रमा बाधा पुग्नुका साथै नयाँ प्रविधिको विकास तथा फैलावटमा सुस्तता आउनेछ जसको कारण विश्वको उत्पादकत्व तथा लगानीमा समेत कमी आउनेछ । Peterson Institute for International Economics (PIIE) का अनुसार यदि अमेरिकाले चीनमाथि व्यापारिक प्रतिबन्ध लगायो भने चीनको तत्कालको जवाफी कारबाहीसँगै चीनमा मध्यवर्ती वस्तुहरू तथा कच्चा पदार्थ आयात गर्ने देशहरूले पनि ठुलो प्रहार गर्नेछन् ।

**तालिका ६: व्यापारिक विवादका असरहरू (संरा अमेरिकाद्वारा विश्व अर्थतन्त्रमा उत्प्रेरित)**

| पूर्वानुमान गर्ने संस्था | विश्व अर्थतन्त्रमा व्यापार युद्धको असर |
|---|---|
| विश्व व्यापार सङ्गठन (WTO) | यदि भन्सार दर GATT/WTO पूर्वको हुने हो भने विश्व अर्थतन्त्र तत्काल २.५ प्रतिशतले खुम्चिन्छ र विश्व व्यापारमा ६० प्रतिशतभन्दा बढीले कमी आउनेछ |
| अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) | भन्सार दरमा भएको वृद्धिका कारण विश्व विकासमा ०.५ प्रतिशत अङ्कले धिमापन आउनेछ |
| बार्क्लेज क्यापिटल (Barclays Capital) | विश्व विकास ०.६ प्रतिशत अङ्कले घट्नेछ र मुद्रास्फीति ०.७ प्रतिशत अङ्कले बढ्नेछ |
| Standards of Poor's | विश्व विकास दर १ प्रतिशत सम्मले घट्न सक्नेछ |
| Bank of England | अमेरिका र उसका व्यापारिक साझेदारहरूबीचको भन्सार दर १० प्रतिशतले बढ्ने हो भने अमेरिकी निर्यातलाई २.५ प्रतिशत घटाउनेछ भने विश्वव्यापी निर्यात १ प्रतिशतले घट्नेछ |
| Bank of France | यदि कुनै देशले आयातमा १०% भन्सार वृद्धि गर्छ भने उसको व्यापारिक साझेदारहरूसँगको निर्यातमा १३ देखि २५% सम्म घट्नेछ । |

**स्रोत : विश्व व्यापार सङ्घ** (WTO), **अन्तर्राष्ट्रिय मुद्रा कोष** (IMF), **बार्क्लेज क्यापिटल** (Barclays Capital), Standards of Poor's, Bank of England, Bank of France

**४. व्यापार संरक्षणवादले अन्ततोगत्वा अमेरिकालाई नै घाटा गर्नेछ**

आर्थिक शक्तिहरू विशेष गरेर ठुला आर्थिक शक्तिहरू अहिले धेरै स्वतन्त्र छन्, यसका लागि अहिलेको आर्थिक विश्वव्यापीकरणलाई श्रेय दिनुपर्दछ । यस अर्थमा संरा अमेरिकी प्रशासनद्वारा एकतर्फीरूपमा सुरू गरेको व्यापार युद्धले अरू अर्थतन्त्रलाई मात्र नभई स्वयम् अमेरिकालाई पनि असर पर्नेछ ।

यसले उत्पादन मूल्य बढाउनुका साथै संरा अमेरिकामा रोजगारीका अवसर घटाउनेछ । PIIE को रिपोर्टअनुसार चीनमा उच्च भन्सार लगाइएका वस्तुहरूको ९५ प्रतिशत पार्टपुर्जा र इलेक्ट्रोनिक्स सामग्रीहरू संरा अमेरिकामा बनेका सामग्रीहरूमा प्रयोग हुने सामग्रीहरू हुन् । यसको कारण चिनियाँ वस्तुमा गरिएको कर वृद्धिको उल्टै अमेरिकालाई नै असर पर्नेछ । 'न्युयोर्क टाइम्स' का अनुसार संरा अमेरिकाको नाउ उद्योगका लागि चीनमा उत्पादन भएका इलेक्ट्रिक मोटर तथा अरू पार्टपुर्जाहरू अत्यन्त महत्त्वपूर्ण छन् र हाल यसलाई प्रतिस्थापन गर्न यसका निर्यातकर्ताहरूलाई गाऱ्हो छ । यसमा अहिलेको नाफा कममात्र हुँदा २५ प्रतिशतको कर वृद्धिलाई थाम्न सक्नेछैन र मूल्य वृद्धि गर्दा बजारको सेयरमा ठुलो असर पर्नेछ । त्यसैगरी, जेनरल इलेक्ट्रिक्स (General Electrics) का अनुसार चीनबाट हुने आयातमा गरिएको कर वृद्धिले उसको उत्पादन मूल्य ३०-४० करोड डलरले वृद्धि हुनेछ । फोर्ड मोटर्स (Ford Motors) र फियाट क्राइस्लर अटोमोबाइल्स (Fiat Chrysler Automobiles) ले भन्सार वृद्धिले गर्दा आफ्नो वर्षभरिको नाफाको पूर्वानुमान नै घटाएको छ । अमेरिकाको सबैभन्दा ठुलो किला-काँटी कारखाना मिड-कन्टिनेन्ट (Mid-Continent) ले स्टिलको भाउ बढाएपछिको मूल्य समायोजन गर्न मूल्य वृद्धि गर्दा किलाको बिक्री ५० प्रतिशतले घटेको छ, जसको कारण ५०० मध्ये ६० जना कामदारले जून महिनादेखि काम छोड्नु परेको छ भने अरू २०० जना कामदार घटाउने योजना रहेको छ । मिड कन्टिनेन्ट (Mid Continent) को समस्याले बिस्तारै तलतिर पनि असर पर्न थालेको छ । उदाहरणको लागि मिड कन्टिनेन्ट (Mid-Continent) र त्यो जस्तै कम्पनीहरूबाट बट्टा (Packaging) को माग घटेपछि सेमो प्याकेजिङ (Semo packaging) ले पनि कामदारको सङ्ख्या घटाएको छ । PIIE का अनुसार पनि आयातीत अटोमोबाइलहरूमा भन्सार वृद्धिका कारण संरा अमेरिकामा १,९५,००० ले आफ्नो रोजगारी गुमाउनु पर्नेछ । यदि यही किसिमले अन्य देशहरूले जवाफी कारबाही गरेमा ६ लाख

*बाँकी पृष्ठ ७ मा*

## बक्स ८: सन् १९३० स्म्रट–हाउले भन्सार ऐनको पाठ

सन् १९३० मा आफ्नो आन्तरिक बजारको संरक्षणको लागि संरा अमेरिकाका राष्ट्रपति हुवरले स्म्रट हाउले भन्सार ऐनमा सही गरे । यसले संरा अमेरिकामा निर्यात गरिने २०,००० भन्दा बढी वस्तुमाथि भन्सार कर थपियो साथै भन्सार योग्य सामग्रीहरूमा ६० प्रतिशतसम्म कर बढाइयो । यो प्रावधानले देशभित्र र बाहिर हल्लीखल्ली भयो । यसको विरोधमा देशभित्रकै १०२८ जना अर्थविद्हरूले 'याचिका' मा सही गरेका थिए । ३० भन्दा बढी देशहरूले यसको कडा आलोचना गर्दै तुरुन्तै जवाफी कारबाहीहरू गरेका थिए । जसको कारण संरा अमेरिकी निर्यातमा ठाडो गिरावट आयो । ६७ प्रतिशत डलरको मूल्यमा गिरावट आएर सन् १९२९ को ४ अर्ब ४५ करोड डलरबाट सन् १९३३ सम्म १ अर्ब ४५ करोडमा पुग्यो । आयातमा त झन् ५ अर्ब १६ करोडबाट १ अर्ब ६५ करोडमा ६८ प्रतिशतको गिरावट आयो । यसले संरा अमेरिकाको कुल गार्हस्थ उत्पादन ५० प्रतिशत उच्च वृद्धि भयो जसको कारण विश्व अर्थ व्यवस्थामा नै सङ्कट ल्यायो र हिटलरको नाजी शासन र जापानको सैनिक विस्तारवादलाई हुर्कन मलजल गर्‍यो । इतिहासका यी गल्तीहरूलाई कहिल्यै भुल्न हुँदैन तथा यस्तो घटना कहिल्यै दोहोऱ्याइनु हुँदैन ।




पञ्जाब प्रान्तको अमृतसरमा लामो समयदेखि चलिरहेको भ्रष्टाचार अनुसन्धानको सिलसिलामा ईडीले आम आदमी पार्टीका अध्यक्ष तथा दिल्ली राज्यका मुख्यमन्त्री अरविन्द केजरीवाललाई गिरफ्तार गरेपछि केजरीवाललाई रिहा गर्न माग गर्दै आम आदमी पार्टी (आप) का समर्थक र कार्यकर्ताहरू अप्रिल ८, २०२४ का दिन । विरोध प्रदर्शनको क्रममा उनीहरूका नेता र दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालको प्लेकार्ड बोकेका छन् । *तस्विर : नरेन्द्र नानु/एएफपी*

# चीनको 'कमजोर आपूर्ति क्षमता' बारे अमेरिकी आरोप आधारहीन : चिनियाँ वाणिज्यमन्त्री

पेइचिङ, ८ अप्रिल (एएफपी) । चीनका वाणिज्यमन्त्रीले कम लागतको चिनियाँ निर्याततले विश्व बजारमा जोखिम निम्त्याएको भन्ने अमेरिकी चिन्तालाई चिनियाँ वाणिज्यमन्त्री वाङ वेन्ताओले 'आधारहीन' भन्दै आरोपको खण्डन गर्नुभएको छ ।

ट्रेजरी सेक्रेटरी जेनेट येलेनको भ्रमणको क्रममा चिनियाँ अधिकारीहरूले दुई देशबिचको सम्बन्ध थप स्थिर अवस्थामा रहेको सकारात्मक टिप्पणी गरेका छन् र दुवै पक्ष अतिरिक्त औद्योगिक क्षमताको विषयमा थप वार्ताका लागि मार्गहरू खोल्न सहमत भएका छन् ।

चीन सरकारले विश्व बजारले धान्न सक्नेभन्दा बढी उत्पादन क्षमता सिर्जना गर्न सहयोग गर्दा सौर्य र विद्युतीय सवारी साधनजस्ता प्रमुख क्षेत्रमा सस्तो निर्यातको बाढीले अन्यत्र ती उद्योगहरूको वृद्धिलाई असर पार्न सक्छ भन्ने अमेरिकी अधिकारीहरूको चिन्ता रहेको छ ।

वाणिज्यमन्त्री वाङले आइतबार पेरिस भ्रमणको क्रममा 'अमेरिका र युरोपले लगाएको 'अत्यधिक क्षमता' को आरोप आधारहीन भएको बताउनुभएको हो । चिनियाँ विद्युतीय सवारी निर्माताको तीव्र वृद्धि नवीनता र स्थापित आपूर्ति शृङ्खलाका कारण भएको वाङले बताउनुभयो ।

उहाँले पेइचिङले व्यवसायहरूलाई उनीहरूको हितरक्षाका लागि सहयोग गर्ने पनि बताउनुभयो ।

पेइचिङले उद्योगका लागि राज्यको विशाल समर्थनको बारेमा चिन्तालाई बारम्बार अस्वीकार गर्दै आएको छ । युरोपेली सङ्घ (ईयू) ले चिनियाँ विद्युतीय कारमा अनुदानको बारेमा अनुसन्धान सुरु गरेको छ जसले गर्दा कम मूल्यमा अनुचितरूपमा बेचिएका सवारी साधनहरूमा कर वृद्धि हुन सक्छ । गत महिना पेइचिङले यसलाई व्यापारमा देखिएको 'संरक्षणवाद' को संज्ञा दिएको छ ।

येलेनले दक्षिणी शहर ग्वान्भाओ र राजधानी पेइचिङमा अधिकारी र व्यापारिक नेताहरूसँगको वार्तामा बारम्बार चीनको 'क्षमताभन्दा बढी आपूर्ति' को प्रसङ्गलाई उठाउनुभएको थियो । आफ्ना समकक्षी उपप्रधानमन्त्री हे लिफेङसँग भएको बृहत् छलफलमा उहाँले चिनियाँ नीति निर्माणको उच्च तहमा अन्तर्राष्ट्रिय चासोका सवालबारे संवेदनशील बन्न आग्रह गर्नुभएको थियो ।

सिन्हवाका अनुसार लीले उत्पादन क्षमताको विषयलाई वासिङटनले 'वस्तुनिष्ठ' र 'बजारमुखी' दृष्टिकोणबाट हेर्नुपर्ने येलेनसँग बताउनुभएको थियो । उहाँले चीनको नयाँ ऊर्जा उद्योगको विकासले 'विश्वव्यापी हरित र कम कार्बन सङ्क्रमणमा महत्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो ।

# आप्रवासन नीतिमा सुधार गर्ने विषयमा ईयूले बुधबार मतदान गर्ने

ब्रसेल्स, बेल्जियम, ८ अप्रिल (एएफपी) । युरोपेली सङ्घ (ईयू) ले आप्रवासन नीतिमा व्यापक फेरबदल गर्ने विषयमा बुधबार मतदान गर्ने भएको छ । मतदानले नयाँ प्रस्ताव पारित गरेमा विशेष गरी शरणार्थीहरूको लागि प्रवेश प्रक्रियालाई कडा बनाउनेछ र समूहका सबै देशहरूले जिम्मेवारी साझेदारी गर्न आवश्यक हुनेछ ।

युरोपेली संसद्ले सेप्टेम्बर २०२० मा पहिलोपटक गरिएको युरोपेली आयोगको प्रस्तावको आधारमा समूहको आप्रवासन र शरण सम्झौताको गठन गर्ने कानुनहरूको एक श्रृङ्खला तय गर्नेछ ।

ईयूका सदस्य राष्ट्रहरूबिच वर्षौंदेखिको तनाव र विभाजनलाई पार गरेपछि मात्र यो परिवर्तन भएको हो । मतदानले प्रस्तावित कानुन पारित गरेमा यो कानुन सन् २०२६ देखि कार्यान्वयनमा जानेछ ।

यो पारित हुनुका साथै युरोपियन युनियनले युरोप पुग्ने लक्ष्यका साथ आफ्नो क्षेत्र छोड्ने आप्रवासीको सङ्ख्या घटाउने प्रयास गर्न धेरै बाह्य देशहरूसँग सम्झौताहरू गर्दै आएको छ । ईयूमा शरण आवेदनमा वृद्धि आएसँगै इयू सदस्यबिच विवादित बनेको यो कानुनमा मतदान हुनलागेको हो । शरणार्थीका लागि गत वर्षसम्म ११ लाख ४० हजार व्यक्तिले आवेदन दर्ता गराएका छन् । यो सन् २०१६ पछि उच्चतम स्तर हो ।

ईयूको सीमा र तटरक्षक निकाय फ्रन्टेक्सका अनुसार गत वर्ष मात्रै समूहमा आवेदन दिने आप्रवासीको सङ्ख्यामा पनि वृद्धि भई तीन लाख ८० हजार पुगेको छ । आप्रवासन र शरण सम्झौताको भिन्नभिन्न कारण देखाउँदै अति दक्षिणपन्थी, अति वामपन्थी र केही समाजवादी सांसदहरूले विरोध गर्दै आएका छन् ।

युरोपेली संसद्को सबैभन्दा ठुलो राजनीतिक समूह मध्यदक्षिणपन्थी युरोपियन पिपुल्स पार्टीका प्रमुख म्यानफ्रेड वेबरले भन्नुभयो, "वर्षौंको गतिरोधपछि आउन लागेको नयाँ आप्रवासन नियमले हामीलाई हाम्रो बाह्य सीमामा नियन्त्रण पुनः प्राप्त गर्न र ईयूमाथिको दबाब कम गर्न अनुमति दिन्छ । युरोपेली सङ्घमा को प्रवेश गर्छ भन्ने निर्णय मानव तस्करले नभई राज्यका अधिकारीहरूले गर्नुपर्छ ।"

गैरसरकारी संस्था र आप्रवासी परोपकारी संस्थाहरू यस सुधारको विरोधमा उत्रिएका छन्, विशेषगरी यसको प्रावधानले शरण खोज्नेहरूलाई समायोजित गर्न सीमा निर्धारण गर्छ र अयोग्य ठानिएकाहरूलाई तुरुन्तै फिर्ता पठाउँछ । यसो भएमा यसले व्यवस्थित हिरासतलाई बढावा दिने उनीहरूको चिन्ता रहेको छ ।

यस सुधारले धेरै हदसम्म आधारभूत नियमलाई कायम राख्छ र शरण खोज्ने व्यक्ति प्रवेश गर्ने पहिलो ईयू देश नै उनीहरूको व्यवस्थापनका लागि जिम्मेवार हुन्छ । तर, यसले एक 'ऐक्यबद्धता संयन्त्र' थपेको छ जसले सबै ईयू देशहरूलाई इटाली र ग्रीसजस्ता अग्रपङ्क्तिमा रहेका राज्यहरूमा दबाव देखिएका समय उनीहरूलाई केही शरण-खोजीकर्ताहरूलाई लिन वा समान वित्तीय योगदान प्रदान गरेर मद्दत गर्नुपर्ने आवश्यकतालाई जोड दिन्छ ।

युरोपेली संसद्मा फ्रान्सका मध्यमार्गी सांसद फेबिएन केलरले यस सम्झौतालाई 'निकै सन्तुलित' र 'वर्तमान परिस्थितिमा ठुलो सुधार' भन्नुभएको छ । उहाँले भन्नुभयो, "नयाँ नियममा सीमा प्रक्रियाबाट अनियमित आप्रवासनको प्रवाहमा राम्रो नियन्त्रण र थप ऐक्यबद्धता छ ।" तर, उहाँले यो 'अत्यन्त भड्काउ विषय' भएको स्वीकार्दै दक्षिणपन्थी सांसदहरूले परिवर्तनलाई लिएर 'सबैलाई आत्तिने बनाएको' भन्दै आलोचना गर्नुभयो ।

"संसद्को मतदान सम्झौताको लागि अन्तिम कदम हुने छैन, किनकि यसको प्रक्रियाहरूको प्राविधिक अनुप्रयोग अझै परिभाषित गर्न आवश्यक छ," केलरले थप्नुभयो ।

सीमा केन्द्रहरूलाई कसरी व्यवस्थित गर्ने र तिनीहरूलाई पर्याप्त स्रोतहरू, अनुवादकहरू र प्रहरी अधिकारीहरू कसरी आपूर्ति गर्ने भन्ने विषय अहिलेपनि छलफलको विषय रहेको छ अर्थात् यसमा कुनै नियम प्रस्ताव भइसकेको छैन ।

## विश्व सङ्क्षेप

# दक्षिण कोरियाद्वारा दोस्रो सैन्य जासुस उपग्रह प्रक्षेपण

सियोल, ८ अप्रिल (सिन्हवा) । दक्षिण कोरियाले दोस्रो सैन्य जासूस उपग्रह 'स्पेसएक्स फाल्कन-९' रकेट प्रक्षेपण गरेको कोरियाली रक्षा मन्त्रालयले सोमबार जानकारी गराएको छ ।

स्वदेशी सैन्य जासुसी उपग्रहसहित ११ उपग्रह बोकेको 'फाल्कन-९' रकेट संयुक्त राज्य अमेरिकाको फ्लोरिडाको केनेडी स्पेस सेन्टरबाट सोमबार बिहान ८:१६ मा उडेको थियो । प्रक्षेपण भएको ४५ मिनेटपछि उपग्रहलाई कक्षमा राखिएको दक्षिण कोरियाको रक्षा मन्त्रालयले जनाएको छ ।

दक्षिण कोरियाले सन् २०२५ सम्ममा पाँचवटा सैन्य जासूस उपग्रह प्रक्षेपण गर्ने योजना बनाएको र दोस्रो 'सिन्थेटिक एपर्चर रडार' सेन्सरसहित हुने बताएको छ । असअघि, 'इलेक्ट्रो-अप्टिकल' र 'इन्फ्रारेड सेन्सरहरू' जडान गरिएको पहिलो उपग्रह गत वर्ष डिसेम्बरमा प्रक्षेपण गरिएको थियो ।

# मोजाम्बिकमा डुङ्गा दुर्घटना हुँदा ९१ जनाको मृत्यु

मापुतो, मोजाम्बिका, ८ अप्रिल (सिन्हवा) । मोजाम्बिकको उत्तरी प्रान्त नाम्पुलाको मोजाम्बिक टापु नजिकै आइतबार अत्यधिक भार भएको एक डुङ्गा पल्टिँदा कम्तिमा ९१ जनाको मृत्यु भएको सरकारी रेडियो मोजाम्बिक (आरएम) ले जनाएको छ ।

रेडियोका अनुसार दुर्घटनामा ९१ जनाको मृत्यु भएको, ३० जना बेपत्ता रहेका र पाँच जनालाई जीवितै उद्धार गरिएको छ । दुर्घटनामा बालबालिका र महिलासमेतको मृत्यु भएको बताइएको छ । मोसुरिल जिल्लाबाट उडेको जहाजले १३० यात्रु बोकेको नाम्पुला प्रान्तका एक मन्त्री जैमे नेटोले जानकारी गराउनुभयो ।

नेटोले आरएमलाई हैजाको प्रकोपको बारेमा गलत सूचनाका कारण आतङ्कित यात्रुहरूले आफ्नो मूल बाटो छोडेर उक्त डुङ्गामा चढेका र दुर्घटनामा परेका बताउनुभएको छ ।

दुर्घटनामा परेको डुङ्गा धेरै मानिसहरू चढ्नको लागि नभई माछा मार्ने प्रयोजनको लागि तयार गरिएको भए तापनि हैजाको प्रकोपको बारेमा गलत सूचना आतङ्कका कारण उनीहरू हतारिएर निकै खचाखचरूपमा भरिएको उक्त डुङ्गामा चढेको नेटोले बताउनुभयो । दुर्घटनामा परी बेपत्ता व्यक्तिहरूको खोजी जारी राख्दै दुर्घटनाको अनुसन्धान गर्न अधिकारीहरूले बहुक्षेत्रीय टोली गठन गरेका थिए ।

# मार्चमा दक्षिण कोरियाको बेरोजगारी दर ९.१ प्रतिशतले घट्यो

सियोल, ८ अप्रिल (सिन्हवा) । मार्च महिनामा दक्षिण कोरियाको बेरोजगारी दर शिक्षा सेवा, उत्पादन र थोक तथा खुद्रा क्षेत्रमा माग घटेको कारण घटेको श्रम मन्त्रालयको तथ्याङ्कले सोमबार देखाएको छ ।

रोजगार र श्रम मन्त्रालयको तथ्याङ्कअनुसार रोजगार खोज्नका लागि मार्चमा नयाँ आवेदकहरूको सङ्ख्या एक लाख ३० हजार ८०० पुगेको छ । जुन गत वर्षको सोही अवधिको तुलनामा ९.१ प्रतिशतले कमी हो । फेब्रुअरीमा दोहोरो अङ्कमा झरेको यो सङ्ख्या लगातार दोस्रो महिना पनि तल झरेको हो ।

शिक्षा सेवा, उत्पादन, थोक तथा खुद्रा उद्योगमा लाभग्राहीको अवस्थामा कमी आएको छ । तर, वित्त, बीमा, सूचना तथा सञ्चार क्षेत्रमा भने गत महिनाको तथ्याङ्कमा वृद्धि भएको छ । बेरोजगारीको अत्यधिक सङ्ख्यालाई लिएर रोजगारी खोज्न मद्दत गर्न सरकारले रोजगारी खोज्न सघाउने प्रस्ताव गरेको छ । यो कार्यक्रम राज्यको रोजगार बीमा कोषद्वारा वित्त पोषित छ ।

रोजगार प्राप्तकर्ताहरूको सङ्ख्या मार्चमा छ लाख ५४ हजार ६०० थियो । जुन एक वर्ष अघिको समान अवधिको तुलनामा तीन प्रतिशतले कम हो । यसले १४ महिनाको पहिलो गिरावटलाई अङ्कित गरेको छ । कुल रोजगारी प्राप्तिको अवस्था ६.२ प्रतिशतले घटेर ९६९.६ अर्ब वोन (७१६.७ मिलियन अमेरिकी डलर) मा झरेको छ ।

# राष्ट्रिय वित्तीय नीति अपनाउन विश्व बैङ्कद्वारा पाकिस्तानसँग आग्रह

इस्लामाबाद, ८ अप्रिल (एएनआई) । पाकिस्तानमा उत्पन्न आर्थिक सङ्कटको बिचमा विश्व बैङ्कले इस्लामाबादलाई सङ्घीय तथा प्रान्तीय खर्चलाई संवैधानिक जनादेशसँग मिलान गरी राष्ट्रिय वित्तीय नीति अपनाउन आग्रह गरेको छ ।

सङ्घीय तथा प्रान्तीय राजस्व एकल बिक्री कर (जीएसटी) सङ्कलन एजेन्सीमा विलय गरी अर्को बजेटमा कृषि, पुँजीगत लाभ र अचल सम्पत्तिमा प्रभावकारीरूपमा कर लगाउन आग्रह गरेको छ ।

आगामी आर्थिक वर्षको बजेटमा राष्ट्रिय वित्तीय ढाँचाको विकास र कार्यान्वयन सहित सङ्घीय तथा प्रान्तीय वित्तीय उत्तरदायित्व र ऋण सीमा ऐन कार्यान्वयन गर्न विश्व बैङ्कले पछिल्लो नीतिगत सल्लाहमा पाकिस्तानी सरकारलाई सुझाब दिएको छ ।

यो प्रस्ताव अर्को अन्तर्राष्ट्रिय मुद्रा कोष कार्यक्रमको हिस्सा बन्ने अपेक्षा गरिएको छ । पाकिस्तानका अर्थमन्त्री मुहम्मद औरङ्गजेबले अर्को हप्ता विश्व बैङ्क र आइएमएफको बैठकमा वाशिङटनमा ऋणदातासँग छलफल गर्नुहुनेछ ।

बैङ्क, महासङ्घ र एकाइहरूमा जीएसटी समन्वयमा वास्तविक प्रगति गर्न माग गरेको छ, । जीएसटी पोर्टलको थालनीसहित कर प्रणालीलाई सहज बनाउन दर समन्वयतिर अघि बढाउन माग गरेको छ ।

सहरी अचल सम्पत्तिको विषयमा बैङ्कले मुद्रास्फीति, बीमा मूल्याङ्कनजस्ता आधारमा वार्षिक अद्यावधिक गर्न तथा भाडा दरहरू बराबर गर्न मूल्याङ्कन तालिकाहरू लागू गर्न माग गरेको छ । कृषि आयकरका लागि बैङ्कले सरकारलाई भूमिको परिभाषा व्यवस्थित बनाउन, जमिनको आकारका आधारमा छुटमा पुनर्विचार गर्न र बाली क्षेत्रफल वा उत्पादन अनुमानका आधारमा साझा न्यूनतम दर निर्धारण गर्न आग्रह गरेको छ । साथै, सरकारले प्रतिहेक्टर न्यूनतम दरहरू छुट्याउन सिँचाइ र निर्मित भवनहरू पनि समावेश गर्नुपर्ने जनाएको छ ।

# विपन्न नागरिकको उपचार सेवामा पहुँच बढाउँदै स्वास्थ्य बीमा कार्यक्रम

शरद् शर्मा

आर्थिकरूपमा गरिब भएका मानिसलाई उपचारको एकमात्र माध्यमको रूपमा स्वास्थ्य बीमा कार्यक्रम रहेको छ । २०७२ सालमा कैलालीबाट सुरु भएको स्वास्थ्य बीमा कार्यक्रमले धनीदेखि विपन्न नागरिकलाई उपचार सेवा पुऱ्याउँदै आएको छ ।

स्वास्थ्य बीमा बोर्डले नागरिकलाई सर्वसुलभरूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न र स्वास्थ्य सेवा उपभोगमा सुधार ल्याउनको लागि सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने उद्देश्यका सामाजिक स्वास्थ्य सुरक्षाका रूपमा सुरुवात भएको हो । यस कार्यक्रमले सर्वव्यापी स्वास्थ्यको पहुँच प्राप्त गर्नेतर्फ नेपाललाई अग्रसर बनाउँदै सन् २०३० सम्ममा दिगो विकास लक्ष्य प्राप्त गर्न महत्त्वपूर्ण भूमिका खेल्ने आशा लिएको छ ।

बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बर्सौलाले धनीले गरिबलाई, हुनेले नहुनेलाई उपचारमा सहयोग गर्ने उद्देश्यका साथ बीमा कार्यक्रम ल्याएको बताउनुभयो । स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत पाँच जना परिवारसम्मका लागि तीन हजार पाँच सय रुपियाँ बराबरको योगदानको आधारमा एक लाख रुपियाँसम्मको स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइन्छ ।

यस्तै थप प्रतिसदस्य ७०० रुपियाँका दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य २० हजार रुपियाँ बराबरको सेवा सुविधा थपिने प्रावधान रहेको छ । बीमा कार्यक्रमको सेवा सुविधाको सीमा दुई लाख रुपियाँसम्म तोकिएको छ ।

बोर्डका अध्यक्ष डा. गुणराज लोहनीले चिकित्सक र अस्पतालको मुख नदेखेका गरिबी, विपन्न परिवारलाई बीमा कार्यक्रममार्फत उपचार सेवा प्रदान गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "गरिब दिन दुःखीलाई उपचारको माध्यम बीमा कार्यक्रम रहेको छ । बीमालाई अझ प्रभावकारी कार्यान्वयन गरी सबैलाई समेटनुपर्दछ ।"

नेपालको सन्दर्भमा स्वास्थ्य बीमा कार्यक्रमको थालनी २०३३ सालदेखि तत्कालीन शान्ता भवन अस्पताल, पाटनले ललितपुर जिल्लाका केही समुदायबाट सुरु गरेको पाइन्छ । तर, पछि त्यसले निरन्तरता पाउन सकेन । नागरिकको समेत केही योगदान रहने गरी नागरिक र राज्यको साझेदारीमा स्वास्थ्य सेवा पुऱ्याउने सुरु गरिएको स्वास्थ्य बीमा कार्यक्रम अहिले ७७ जिल्लाका ७५२ स्थानीय तहमा कार्यक्रम सुरुआत गरिएको छ । यसै वर्ष काठमाडौँ र ललितपुर महानगरपालिकाले बीमा कार्यक्रम सुरु गरेका हुन् ।

अहिले काठमाडौँको बुढानीलकण्ठ नगरपालिकामात्र स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएको छैन । नगरपालिकाले स्वास्थ्य बीमा बोर्डसँग पहिलो चरणको छलफल गरी निकट भविष्यमा नै कार्यक्रम लागु गर्ने तयारी गरेको बोर्डका सूचना अधिकारी ओमकुमारी कडेलले जानकारी दिनुभयो ।

**बढ्दै बीमा गर्ने**

कार्यकारी निर्देशक डा. बर्सौलाले बीमा कार्यक्रमप्रति आम नागरिकको सचेतना बढ्दै र स्थानीय तहले पनि अपनत्व लिएको हुनाले बढ्दो क्रममा रहेको बताउनुहुन्छ । स्वास्थ्य बीमा कार्यक्रममा विगत तीन वर्षदेखि सेवा उपभोग गर्ने बीमितको प्रतिशत विश्लेषण गर्दा आ.व. २०७७/७८ मा २९ प्रतिशत देखि बढेर आ.व. २०७९/८० मा ३८ प्रतिशत पुगेको थियो ।

बीमा कार्यक्रममा कुल बीमित परिवार सङ्ख्या २३ लाख ९२ हजार ६७६ जना (३५.८८ प्रतिशत) र कुल बीमित जनसङ्ख्या ७७ लाख ४१ हजार ४८३ जना (२६.५४ प्रतिशत) रहेको छ । यस्तै कुल बीमितमध्ये सेवा लिनेको सङ्ख्या ३६ लाख ५२ हजार ४३२ जना (४७.१८ प्रतिशत) र नवीकरण गर्ने बीमित ४८ लाख आठ हजार ७६० जना (६२.११ प्रतिशत) रहेको छ । अहिले स्वास्थ्य बीमा कार्यक्रममार्फत एक हजार ३३ प्रकारका औषधि उपलब्ध हुन्छ ।

बीमा कार्यक्रमले व्यक्तिको स्वास्थ्य उपचारको क्रममा लाग्ने खर्चका लागि वित्तीय संरक्षण प्रदान गर्दै स्वास्थ्यमा अप्रत्याशित उपचार खर्च कम गरी गरिबीको रेखातिर जानबाट जोगाउने विश्वास गरिएको छ । जनताको समग्र स्वास्थ्य स्थितिमा सुधार गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार ल्याई स्वास्थ्य बीमाको माध्यमबाट सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्नु रहेको छ ।

**सहभुक्तानी प्रणाली सुरु**

बीमितले जसरी पनि एक लाखको उपचार गर्नुपर्दछ भन्ने बीमितको गलत बुझाइ रहेको छ । कार्यकारी निर्देशक डा. बर्सौलाले आफूले उपचार नगर्दा मेरो सहयोगले अरूले उपचार सेवा पाइरहेको हुन्छ भन्ने कुरा नबुझेको हुनाले समस्या रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "बीमितले एक वर्षसम्म उपचार सेवा नपाए ओ हो मैले उपचार गरेबापत एक लाख खर्च गर्नुपर्दछ । मैले उपचार गर्नैपर्दछ भनेर गलत बुझाइ रहेको छ । बीमितले उपचार नगरे सोही रकमबाट अर्को बीमितको उपचार हुन्छ भन्ने राम्रोसँग बुझेका छैनन् । त्यसैले गर्दा पनि समस्या आएको हो ।"

बोर्डले सरकारी अस्पतालमा उपचार गरे १० प्रतिशत र निजी अस्पतालमा उपचार गरे २० प्रतिशत सहभुक्तानी प्रणाली लागु गरेको छ । यसअघि बोर्डमा आबद्ध भएकाले कुनै पनि बीमितले उपचार गरेबापत खर्च तिर्नु पर्दैनथ्यो ।

बोर्डका कार्यकारी निर्देशक डा. बर्सौलाले अनावश्यक स्वास्थ्य परीक्षणलाई निरुत्साहित गर्नका लागि परीक्षणको रूपमा सहभुक्तानी प्रणाली लागु गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "बीमितहरूले अनावश्यकरूपमा चिकित्सकलाई दबाब दिएर स्वास्थ्य परीक्षण गराउन थाले । त्यसलाई निरुत्साहित गर्नको लागि आवश्यक मात्र स्वास्थ्य परीक्षण गराउन भनेर बिरामीलाई १० देखि २० प्रतिशत तिराउने निर्णय गरेका हौँ ।"

सरकारले घोषणा गरेका लक्षित वर्ग (विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता, दीर्घरोगी) र आकस्मिक कक्षमा उपचार गराउनुको साथै प्राथमिक स्वास्थ्य केन्द्र र १५ शय्यासम्मका अस्पतालमा गरिएको स्वास्थ्य उपचारमा भने बीमितले सहभुक्तानी रकम तिर्नुपर्दैन । बोर्डका कार्यकारी निर्देशक डा. बर्सौलाले उपचारको सुविधा थैली समयअनुसार परिमार्जन गर्ने भएकोले थैली बढाउने तयारी गरिएको बताउनुभयो । उहाँले योगदान रकम पनि बढाउने र सोहीअनुसार उपचार सेवाबापत गरिएको सीमा एक लाखबाट बढाउने तयारी गरिएको बताउनुभयो । अहिले तीन हजार ५०० बराबरको योगदानमा एक लाख रुपियाँसम्म उपचार खर्च पाउने गर्दछन् ।

**भुक्तानी कार्तिकसम्म मात्र बाँकी**

देशका चार सय ६५ अस्पतालबाट स्वास्थ्य बीमा कार्यक्रम लागु गरिएको छ । दिनमा ३० हजार व्यक्तिले बीमा कार्यक्रममार्फत उपचार गर्ने गरेको दाबी बोर्डमा आउने गरेको छ । केही सत्यापन गर्नका केही दाबी रोकिएको बताउनुभयो । साउनसम्मको भुक्तानी भइसकेको र कार्तिकसम्मको भुक्तानीको चरणमा रहेको छ ।

बोर्डका कार्यकारी निर्देशक डा. बर्सौलाले चालु आवको कुल भुक्तानी रु. छ अर्ब ४४ करोड १६ लाख ९९ हजार सात सय ५५ भइसकेको छ । उहाँका अनुसार अहिलेसम्म करिब ६ अर्ब भुक्तानी गर्न बाँकी रहेकाले चाँडै नै भुक्तानी गर्ने बताउनुभयो ।

**नागरिकलाई बरदान सरह**

गरिबी, आर्थिक हैसियत कम भएका मानिसले उपचार गर्ने एक माध्यमको रूपमा स्वास्थ्य बीमा कार्यक्रम रहेको छ । अहिले पनि कति नागरिकले बीमा कार्यक्रमबाट थोरै रुपियाँमा स्वास्थ्य सेवा पाएर जीवन बरदान पाएको कार्यकारी निर्देशक डा. बर्सौला बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "उपचारका लागि पाँच हजार रुपियाँ पनि खर्च गर्ने सक्ने हैसियत नभएका गरिबी, विपन्नको एक लाखसम्म औषधि उपचार गर्न पाएका छन् । कतिले यसलाई बरदान पनि भनेका छन् । गरिबीले महँगो उपचार गर्दा सडकमा आउनुपर्दछ । तर, बीमामार्फत त्यस्ता गरिबी दिनदुःखीको उपचार सरकारले गरेको छ । कोही पनि पैसाको अभावमा रोग लुकाएर बस्नुपरेको छैन । आर्थिक अभाव भएका लागि उपचारको लागि एकमात्र माध्यम स्वास्थ्य बीमा कार्यक्रम रहेको छ ।"

आ.व. २०७९/८० मा स्वास्थ्य बीमामा आबद्ध ४६ लाख ५८ हजार तीन सय ३१ जना बीमितमध्ये सेवा उपभोग गर्ने १७ लाख ८५ हजार आठ सय ३३ रहेका छन् । कार्यक्रममा आबद्ध भएका बीमितमध्ये सबैभन्दा धेरै सेवा उपभोग गर्ने बीमितको रूपमा सामान्य बीमित रहेका छन् । उमेरको आधारमा बीमितको विवरण हेर्दा १५ देखि ५९ वर्ष उमेर समूहको बीमित ५६ प्रतिशत छ भने सबैभन्दा कम सात प्रतिशत, ६० देखि ६९ वर्ष उमेर समूहका जनसङ्ख्या बीमा कार्यक्रममा आबद्ध रहेको देखिन्छ ।

आ.व. २०७९/८० को कुल क्रियाशील बीमितमध्ये कोशी प्रदेशमा सबैभन्दा धेरै २८ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम मात्र ६ प्रतिशत रहेको छ । यस्तै उपचार सेवा उपभोग गर्नेमा कोसी प्रदेशमा सबैभन्दा धेरै ४३ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २७ प्रतिशत रहेको छ । सेवा प्रदायक स्वास्थ्य संस्थाहरूको आधारमा हेर्दा ६१ प्रतिशत बीमितले सरकारी अस्पतालबाट सेवा उपभोग गरेको देखिन्छ ।

त्यस्तै जिल्लागतरूपमा हेर्दा पाल्पा, जुम्ला, चितवन, भक्तपुर र झापा जिल्लामा स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध क्रियाशील जनसङ्ख्या सम्बन्धित जिल्लाको जनसङ्ख्याको ४० प्रतिशतभन्दा माथि रहेका छन् भने धनुषा, महोत्तरी, सर्लाही र काठमाडौँ जिल्लामा सबैभन्दा कम तीन प्रतिशत जनसङ्ख्या स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध रहेको देखिन्छ । बीमालाई स्वेच्छिक राखिएको हुनाले सोचेजस्तो बीमित नभएको बोर्डका कार्यकारी निर्देशक डा. बर्सौलाको भनाइ रहेको छ ।

**प्रभावकारी बनाउने के गर्ने**

बोर्डका कार्यकारी निर्देशक डा. बर्सौलाले नागरिकले सहजरूपमा सेवा उपलब्ध गराउनुपर्ने बताउनुहुन्छ । बीमाका बारेमा नबुझेका मानिसलाई बुझाउन आवश्यक रहेको उहाँले बताउनुभयो । सङ्घ, प्रदेश र स्थानीय तहको अपनत्व लिई कार्यक्रमलाई प्रभावकारी बनाउन सकिने उहाँको भनाइ रहेको छ ।

बोर्डका अध्यक्ष डा. लोहनीले बीमा कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि सेवालाई राम्रो, जनचेतना र गाउँगाउँमा बीमा कार्यक्रमबारे जनचेतजना जगाउनुपर्ने आवश्यक रहेको बताउनुहुन्छ । उहाँले सेवालाई प्रभावकारी बनाउनका लागि अनलाइनमार्फत दर्ता प्रक्रिया पनि चाँडै नै सुरु गर्ने बताउनुभयो । उहाँले सात सय ५२ स्थानीय तहमा बीमा कार्यक्रम लागु गरिए पनि निजामती कर्मचारी, शिक्षक, सुरक्षाकर्मी र अन्य कर्मचारीमा पुग्न नसकेको उहाँको भनाइ छ ।

**नवीकरण सबैले गर्दैनन्**

सेवामा सन्तुष्टि नभएकोले नवीकरण नगरेको उहाँ बताउनुहुन्छ । चार सयभन्दा बढी स्थानीय तहमा अस्पताल नभएकोले बीमा कार्यक्रमका सहजकर्ता नहुँदा नवीकरणमा समस्या भएको उहाँ बताउनुहुन्छ । बीमित परिवार २३ लाख ९२ हजार छ सय ७६ मध्ये नवीकरण गर्ने परिवार १५ लाख ७१ हजार पाँच सय ५५ जना (६५.६८ प्रतिशत) रहेका छन् । उहाँले भन्नुभयो, "चार सय वटा स्थानीय तहमा सेवा प्रदायक (अस्पताल) रहेका छैनन् । अस्पताल नभएकाले ती स्थानीय तहमा नवीकरण हुन सकेको छैन ।"

सरकारले अति गरिब, ज्येष्ठ नागरिक, एचआइभी सङ्क्रमित, अति अशक्त अपाङ्गता, कुष्ठरोग सङ्क्रमित र महिला स्वास्थ्य स्वयंसेविकाको निःशुल्क बीमा गरिने दिने गरेको छ । अति गरिब पाँच लाख १४ हजार ६ सय १८ जना, ज्येष्ठ नागरिक नौ लाख ३० हजार तीन ९७ जना, एचआइभी सङ्क्रमित ३६ हजार आठ सय ८१ जना, अति अशक्त अपाङ्गता एक लाख ४१ हजार दुई सय २३ जना, क्षयरोगका बिरामी तीन हजार तीन सय ३१ जना, कुष्ठरोग सङ्क्रमित तीन हजार ६ सय ८५ जना र महिला स्वास्थ्य स्वयंसेविका एक लाख ३२ हजार पाँच सय ६७ जना रहेका छन् । ***रासस***

---

***विश्व...***


२४ हजार संरा अमेरिकी जनताले रोजगारी गुमाउनेछन् । यसले संरा अमेरिकी बजारभाउ बढाउने र उपभोक्ताहरूलाई नोक्सानी पुऱ्याउनेछ । चीनबाट संरा अमेरिकामा निर्यात वस्तुको महत्त्वपूर्ण भाग दैनिक उपभोग्य वस्तुहरू हुन् । खानेकुरा र अटोमोबाइलबाहेकका अन्य उपभोग्य वस्तुहरूको अनुपात सन् २०१७ मा ४६.६ प्रतिशत रहेको कुरा संरा अमेरिकी वाणिज्य विभागअन्तर्गतको आर्थिक विश्लेषण विभागले जनाएको छ । चीनबाट निर्यात गरिएका सस्तो तर गुणस्तरीय उत्पादनहरूका कारण नै संरा अमेरिकामा कैयौँ वर्षदेखि मुद्रास्फीति नबढेको हो । उत्पादकहरूले अर्थतन्त्र बिगार्ने भन्सार वृद्धि नगर्न प्रशासनलाई अनुरोध गरेको छ । यसको उल्टो असरका कारण संरा अमेरिकी उपभोक्तालाई थप करको भार बढाउनेछ । सन् २०१८ मे ३ का दिन संरा अमेरिकी करदाता सङ्घले खुला पत्रमार्फत संरा अमेरिकी काङ्ग्रेसलाई यस्तो किसिमको भन्सार वृद्धिले सर्वसाधारण अमेरिकी जनतामाथि करको भार वृद्धि हुनुका साथै बजार भाउ वृद्धिका कारण थोरैलाई मात्र नाफा हुने र बहुमतलाई यसले घाटा नै गर्नेछ ।

संरा अमेरिकी अटोमोबाइल उत्पादकहरूको गठबन्धनले सन् २०१७ मा भएको अटोमोबाइलको बिक्रीका आधारमा विश्लेषणको आधार तयार गरिएको प्रतिवेदनअनुसार यदि संरा अमेरिकामा निर्यात गरिने अटोमोबाइलमा २५ प्रतिशतले भन्सार वृद्धि गरिएमा संरा अमेरिकी उपभोक्ताहरूले सरदर ५८०० डलरको हिसाबले अतिरिक्त मूल्यमा खरिद गर्नुपर्नेछ ।

यसको कारण व्यापारिक साझेदारहरूको जवाफी कार्यले गर्दा उल्टै अमेरिकालाई नै नोक्सान हुनेछ । अमेरिकी प्रशासनले चीन र अरू महत्त्वपूर्ण व्यापारिक साझेदारहरूसँग छेडेको व्यापार युद्धका कारण जवाफी कार्यका लागि सबै देश बाध्य भएका छन्, जसको कारण संरा अमेरिकालाई केही महत्त्वपूर्ण प्रान्त, उद्योग र फर्महरूमा नराम्रो असर पर्नेछ । जुलाई २०१८ को अन्तसम्ममा संरा अमेरिकाका महत्त्वपूर्ण व्यापार साझेदारहरू - चीन, क्यानाडा, मेक्सिको, रसिया, युरोपेली सङ्घ र टर्कीले संरा अमेरिकाको व्यापारिक संरक्षणवादको विरुद्ध जवाफी कार्यहरूको घोषणा गरिसकेका छन् भने विश्व व्यापार सङ्गठनमा समेत उजुरी दिइसकेका छन् । उदाहरणका लागि क्यानाडाले जून २९ मा घोषणा गरी १२.६ अर्ब बराबरको अमेरिकी वस्तुमा जुलाई १ देखि लागु हुनेगरी भन्सार वृद्धि गरिसकेको छ । त्यसैगरी, रुसको अर्थ मन्त्रालयले केही संरा अमेरिकी उत्पादनमा २५ देखि ४० प्रतिशतसम्म कर वृद्धि गर्ने घोषणा जुलाई ६ मा गरेको थियो । संरा अमेरिकाले युरोपको स्टिल र आल्मुनियममा लगाएको करको विरुद्ध युरोपेली सङ्घले पनि संरा अमेरिकामा उत्पादन हुने मोटरसाइकलमा ६ देखि ३१ प्रतिशतसम्मको भन्सार वृद्धि गरेको छ ।

संरा अमेरिकी वाणिज्य विभाग (US Chamber of Commerce) ले व्यापार युद्धले अमेरिकाका केही प्रान्तमा नराम्रो असर पुऱ्याउनेछ भनी औँल्यायो । उदाहरणको लागि जवाफी भन्सार वृद्धिका कारण टेक्सासमा ३ अर्ब ९० करोड, साउथ क्यारोलिनामा ३ अर्ब, टेनेसीमा १ अर्ब ४० करोड अर्ब बराबरको निर्यातमा कमी आउनेछ । अमेरिकी सरकारले कर वृद्धि गरेर साँचो अर्थमा आफ्ना मतदातालाई सजाय दिइरहेको छ, यसको कारण निर्यातमुखी अर्थतन्त्र भएका नर्थ क्यारोलिनामा १,५०,०००, साउथ क्यारोलिनामा ६५०० कामदारहरूको रोजगारी गुम्ने तथ्य उपभोक्ता छनौट केन्द्र (Consumer Choice Center) ले प्रस्तुत गरेको छ । युरोपेली सङ्घको जवाफी कर वृद्धिका कारण युरोपमा निर्यात गरिने हरेक हार्ले डेभिड्सनका मोटरसाइकलमा २२०० डलर बराबरको मूल्य बढ्नेछ जसको कारण हार्ले डेभिड्सन, अमेरिकाको प्रसिद्ध मोटरसाइकल कम्पनीलाई मात्र २०१८ को बाँकी समयमा ३ करोडदेखि ४ करोड ५० लाख डलरसम्म भन्सारकै कारण मात्र मूल्यमा वृद्धि हुने अनुमान गरिएको छ । यसको कारण उसले आफ्नो मोटरसाइकलका केही उत्पादनलाई अरू देशमा स्थानान्तरण गर्दै छ ।

यसले गर्दा संरा अमेरिकी वित्तीय वातावरणप्रति लगानीकर्ताहरूको विश्वास घट्नेछ, जसको कारण संरा अमेरिकामा कुल बाह्य लगानी घट्नेछ । जसै व्यापारिक घर्षण बढ्छ, कम्पनीहरूको लगानी गर्ने आत्मविश्वास पनि घट्नाले लगानी गर्न हिच्किचाउनेछन् । पिटर्सन इन्स्टिच्युट फर इन्टरनेसनल इकोनोमिक्स (PIIE) का अध्यक्ष एडम एस. पोसेनका अनुसार व्यापार युद्धबाहेक पनि संरा अमेरिकी सरकारको आर्थिक राष्ट्रवाद (Trade nationalism) का कारण अर्को महत्वपूर्ण क्षेत्र, आन्तरिक लगानीमा बढी नोक्सानी पुऱ्याएको छ । संरा अमेरिकामा लगानी गर्ने अमेरिकी तथा बाह्य बहुराष्ट्रिय कम्पनीहरूको अमेरिकामा कुल आन्तरिक लगानी घटेर शून्यप्रायमा झरेको छ । लगानीकर्ताहरू संरा अमेरिकाबाट अरूतिर यसरी स्थानान्तरण भइरहँदा दीर्घकालीनरूपमा संरा अमेरिकाको आम्दानी घट्नेछ र विश्व अर्थतन्त्र अमेरिकाबाट अरूतिर सर्नेछ । अमेरिकी वाणिज्य विभाग आर्थिक विश्लेषण ब्यूरोका अनुसार २०१६ र २०१७ को पहिलो ३ महिनामा विदेशी लगानीको आन्तरिक प्रवाह क्रमशः १४६.५ अर्ब र ८९.७ अर्ब डलर थियो । सोही अवधिमा सन् २०१८ मा घटेर ५१.३ अर्ब पुगेको छ । दीर्घकालीन लगानीको प्रतिबद्धताको कमीका कारण संरा अमेरिकामा लागानीको आकर्षणमा आएको ह्रासका कारण यस्तो अवस्था आएको हो ।




***रेखाचित्र १४ : कर (भन्सार) को दरमा भएको वृद्धिका कारण व्यापारमा असर***

*Damage of the improper practices of the US administration to global economy*

***अनुवाद : हौसला***
***स्रोत : चीन-संरा अमेरिका व्यापार युद्धबारे चीनको श्वेतपत्र***

# तेस्रो नेपालभाषा साहित्य तःमुंज्याको समीक्षा

ललितपुर, २६ चैत । नेपालभाषा सहित्य तःमुंज्या ललितपुरको आयोजनामा चैत १७ गते शनिबार ललितपुरको महालक्ष्मी नगरपालिका वडा नं. ६ स्थित ऐतिहासिक एवम् सांस्कृतिक नगरी थसीमा भएको तेस्रो नेपालभाषा साहित्य तःमुंज्याको समीक्षा तथा अन्तरक्रिया कार्यक्रम शनिबार सम्पन्न भयो ।

उक्त भेलामा नेमकिपा वाग्मती प्रदेश समितिका सदस्य एन. महर्जनले भन्नुभयो, "समाजवादी चिन्तन गर्न छोडी पुँजीवादी पार्टीहरूसँग गठबन्धन गरेर बढी सीट वा पदमा जित्ने चिन्तन गर्ने पार्टी र नेताहरूबाट देश र कामदार जनताको सेवा हुँदैन । यो एक संशोधनवादी विचार हो । पार्टीको नाममा मार्क्स, लेनिन, कम्युनिस्ट वा माओवादी झुन्ड्याउँदैमा समाजवादी वा कम्युनिस्ट हुँदैन ।"

"हिटलरले पनि राष्ट्रिय समाजवाद (नाजी) नामको पार्टी खोली कम्युनिस्टहरूमाथि दमन गरे । समाजवादी देश सोभियत सङ्घमा आक्रमण गरी २ करोड ५० लाखभन्दा बढी सोभियत लालसेना र निर्दोष जनताको ज्यान लिए," उहाँले भन्नुभयो ।

नेमकिपा ललितपुरका अध्यक्ष राजवीर डंगोलले नेपालभाषा साहित्य तःमुंज्याले नेवारी भाषा र नेवारी संस्कृति बचाउन सहयोग पुगिरहेको बताउँदै अब थप प्रशिक्षण गरी नयाँ पुस्ताका युवाहरूलाई साहित्यकार र कलाकार बनाउनु आवश्यक छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "थसी पनि एक ऐतिहासिक सम्पदा संरक्षण भएको नेवार बस्ती हो । यहाँको कला, संस्कृति र सम्पदा संरक्षण गर्न नेपालभाषा साहित्य तःमुंज्याले मद्दत गर्छ । स्थानीय जनताको सांस्कृतिक स्तर उकास्न मद्दत मिल्छ ।"

नेपाल कर्मचारी समाजका अध्यक्ष जीपी लासिवाले साहित्यले जनताको सेवा गर्दैन भने त्यो कागजको खोस्तासरि हुन्छ; जनताको साहित्यले देश र कामदार जनताको सेवा गर्नु आवश्यक छ, युवा र विद्यार्थीहरूलाई राजनैतिक सचेतना दिन साहित्यिक तथा सांस्कृतिक गतिविधिको आवश्यक छ भन्नुभयो ।

नेमकिपा ललितपुरका सदस्य तथा नेपालभाषा साहित्य तःमुंज्या थसीका संयोजक महन्त महर्जनले पहिलोपटक थसी नगरीमा भएको साहित्य तःमुंज्याले स्थानीय जनतालाई सचेत गर्ने कार्य गरे छ; आउँदा दिनहरूमा यसलाई निरन्तरता दिन साहित्य लेखन तथा सांस्कृतिक गुरुहरूमार्फत प्रशिक्षण आवश्यक छ भन्नुभयो ।

उक्त भेलामा आशाराम महर्जन, रूपा महर्जन, कृष्णराज महर्जन, इन्द्र महर्जन, चन्द्र महर्जन, सुजिता महर्जन, जेवि नेमकुल, एल. श्रेष्ठ, मिकी र तुल्सीनारायण महर्जनलगायतले आउँदा दिनमा थप व्यवस्थित गरी कार्यक्रम गर्न आवश्यक भएकोमा प्रकाश पार्नुभयो ।

*साम्राज्यवाद...*

गर्न आणविक बम या दूरमारक क्षेप्यास्त्रहरूको प्रयोग गर्नु आवश्यक छैन, खालि शिक्षाको गुणस्तरलाई तल झार्ने र विद्यार्थीहरूलाई परीक्षामा नक्कल गर्न दिए पुग्छ भन्ने भनाइ सान्दर्भिक हो भन्नुभयो । उहाँले शासकवर्गले गलत शिक्षा नीति लिएको कारण आज नेपालका गाउँहरू युवाविहीन हुँदै गएको हो भन्नुभयो ।

नेमकिपा ललितपुर जिल्ला समितिका सदस्य महन्त महर्जनले नेपालको राजनीतिमा भारतको गुप्तचर संस्था 'रअ' र अमेरिकी केन्द्रीय गुप्तचर विभाग (सीआईए) ले हस्तक्षेप गरिरहेको र नेपालका शासक नेताहरूलाई 'उठ-बस' गराउने कार्य गरिरहेको छ उल्लेख गर्दै नेपाली जनता सचेत भएर उठ्नुपर्ने बेला आएको छ, भन्नुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य सुवर्ण शाक्यले चीनले विश्वकै ३५ प्रतिशत तयारी सामग्री उत्पादन गर्ने गरेको छ भने संरा अमेरिकाले मात्र १२ प्रतिशत मात्र उत्पादन गरेको बताउनुभयो । उहाँले संरा अमेरिकालाई पहिलो उत्पादक देश बन्न करिब सय वर्ष लागेको थियो भने चीन पहिलो उत्पादक देश बन्न १५-२० वर्षमात्र लागेको देखियो भन्नुभयो ।

नेपालभाषा साहित्य सम्मेलनको उपादेयताबारे पनि छलफल भएको सो कार्यक्रममा विष्णुभक्त महर्जन र रीमा महर्जनलगायतले जनतालाई राजनैतिकरूपमा सचेत गर्न आवश्यक भएको बताउनुभयो ।


## भावपूर्ण श्रद्धाञ्जली



जन्म
१९९२/०४/१०

स्वर्गारोहण
२०८० /११/१३

यस विद्यालयका शुभचिन्तक एवं मथिनपा वडा नं. ८ का वडाध्यक्ष रमेश थापा श्रेष्ठ, शेयर सदस्यद्वय राजेश थापा श्रेष्ठ र विक्रम थापा श्रेष्ठ, मित्रहरू उमेश थापा श्रेष्ठ, दीपेन्द्र थापा श्रेष्ठ र उपेन्द्र थापा श्रेष्ठकी पूजनीय आमा **सुनपुतली थापा श्रेष्ठ**को स्वर्गारोहण भएको आज ४५ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

प्राइम एकेडेमी, परिवार
मध्यपुर थिमि-८, बोडे, भक्तपुर


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

### युवा उद्यमशीलता प्रवर्द्धन ऋण सम्बन्धमा

प्रथम पटक प्रकाशित मिति : २०८०।१२।२७ गते

आ.व २०८०/८१ को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका १६ देखि ४५ वर्षसम्मका बेरोजगार एवं आर्थिकरूपले कमजोर तथा विपन्न युवाहरूलाई उद्यमशील बनाउन भक्तपुर नगरपालिकाका, युवा उद्यमशिलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९ अनुसार युवाहरूलाई युवा उद्यमशिलता प्रवर्द्धन ऋण प्रदान गर्ने भएकोले युवा उद्यमशिलता प्रवर्द्धन ऋण लिन चाहने नगरवासी युवाहरूले यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिनभित्र देहायका कागजातसहित भक्तपुर नगरपालिकामा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. तोकिएको ढाँचामा निवेदन,
२. सम्बन्धित वडा कार्यालयको युवा उद्यमशिलता प्रवर्द्धन ऋणको लागि सिफारिस पत्र,
३. निवेदक र अभिभावकको नागरिकता प्रतिलिपि,
४. परिवारको दुई जनाको सहमति (सम्भव भएसम्म)
५. व्यवसाय दर्ता प्रमाणपत्र


## सिद्धि गणेश कर्नर
हरेक मङगलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।



नव वर्ष २०८१ सालको संस्थाको भित्तेपात्रो हरेक सदस्यलाई निःशुल्क वितरण भइरहेको छ । आ-आफ्नो प्रति बुझिलिनुहोला ।

व्यवस्थापक

ऋण सुविधा उपयोग गरौं ।

### व्यवसायिक ऋण

वार्षिक १२% ब्याजदरमा



◆ आफ्नो व्यवसायको क्षमता वृद्धि गर्न ।
◆ हाल अधिकतम **दुई करोड**सम्मको लगानी


✱ सर्तहरू लागु हुनेछ ।

व्यवस्थापक

ऋण सुविधा उपयोग गरौं ।

### घरजग्गा खरिद ऋण

वार्षिक १३% ब्याजदरमा



◆ स्थायी बसोबास र आवश्यकता पूर्ति गर्न घर जग्गा खरीदको लागि ।
◆ हाललाई अधिकतम **एक करोड पचास लाख** सम्मको लगानी ।

व्यवस्थापक

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
## ख्वप कलेज
देकोचा, भक्तपुर-६, नेपाल, फोन नं. ६६१०९३२, ६६१८०३१

### डेस्कटप कम्प्युटर तथा फर्निचर खरिद सम्बन्धमा दरभाउपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति : २०८०/१२/२७ गते

शिक्षा विकास निर्देशनालय, वाग्मती प्रदेश, हैटौडाबाट ख्वप कलेजको लागि आवश्यक E-Library व्यवस्थापन गर्न प्राप्त अनुदान रकमबाट कलेज सञ्चालक समितिको निर्णयअनुसार डेस्कटप कम्प्युटर र फर्निचरहरू खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म/निर्माण व्यवसायी/ कम्पनीहरूबाट दरभाउपत्र आह्वान गरिन्छ । दरभाउपत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम मिति २०८१ वैशाख ११ गते १२:०० बजेसम्म । दरभाउपत्र खोल्ने मिति २०८१ वैशाख ११ गते दिउँसो १:०० बजे । कार्यालय समय बिहान ८:०० देखि ३:०० बजेसम्म मात्र । विस्तृत जानकारीको लागि यस कलेजमा सम्पर्क गर्न सकिनेछ ।

| S.N. | Particular | Qty. | Unit | Form Fee | Remark |
|---|---|---|---|---|---|
| 1 | Desktop Computer | 16 | Set | NRs.1000 | Sealed Quotation |
| 2 | Furniture | | | | |
| 2.1 | Table | 8 | Nos | Priced Quotation | |
| 2.2 | Dunlop Chair | 16 | Nos | | |

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
## ख्वप माध्यमिक विद्यालय
भ.न.पा. ६, देकोचा, भक्तपुर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/१२/२७

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयको ब्लक 'सी' भवन निर्माण कार्यको लागि तपसिलका मेसिनमेड ब्रिक तथा इलेक्ट्रिक सामान खरिद तथा फिटिङ कार्यको लागि सिलबन्दी बोलपत्र आह्वानको सूचनाअनुसार दर्ता भएका तपसिल बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, नियमानुसार सम्बन्धित सरोकारवाला तथा बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विवरण | ठेक्का नं. | कबोल अङ्क भ्याटबाहेक | छनोट भएको बोलपत्रदाता | कैफियत |
|---|---|---|---|---|
| Supply and Delivery of Machine Made Brick | KHWOPASS/NCB/GOODS/080/81/M | NRs. 22,89,364 | Doleshwor Nirman Sewa | |
| Supply and Installation of Electrical Goods in Khwopa Seconday School Block-C Building (With Labour) | KHWOPASS/NCB/GOODS/080/81/E | NRs. 71,59,000 | Annapurna Global Impex Private Limited | उक्त रकममा भवन निर्माणको क्रममा स्लाव ढलान गर्दा इलेक्ट्रिक लाइन हरूको लागि आवश्यक कन्डिट पाइपहरू हालेको सामान र ज्यालाको खर्च रकम कटाइनेछ । |

**पुनश्च** : ख्वप माध्यमिक विद्यालय सञ्चालक समितिको निर्णयअनुसार ठेक्का नं.Supply, Delivery and Laying of Flooring and Roofing (Khwopass/NCB/Works/080/81/FR) कार्य सम्बन्धमा विशेष प्राविधिक कारणबाट बोलपत्र रद्द गर्नुपर्ने भएकोले सम्बन्धित बोलपत्रदाता र सरोकारवाला सबैको जानकारीको लागि सूचित गरिन्छ ।

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा